म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १९ सोमबार, २ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 18 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सिस्नेरी-दक्षिणकाली सडक २५ घण्टापछि सुचारु

हेटौंडा, १ भदौ/मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-३ स्थित ज्यामिरेमा पहिरो खसेर अवरुद्ध बनेको सिस्नेरी-दक्षिणकाली-फर्पिङ सडक २५ घण्टापछि डाईभसन बनाएर सुचारु गरिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले अहिले अस्थायी रुपमा डाइभर्सन बनाएर सवारीको आवागमनमा सुचारु गरिएको जानकारी दिए । उनले दुईवटा डोजर प्रयोग गरेर पहिरो पन्छाउने काम भइरहेको भन्दै ठुलो पहिरो आएको र सडकमा क्षति पुगेकाले पहिरो पन्छाएर सडक पूर्ववत सुचारु गर्न समय लाग्ने बताए । 'आइतबार बिहान १०:३० बजेबाट डाईभसनको ब्यवस्था मिलाई सवारी साधन आवतजावत सुचारु भएको छ' उनले भने । पहिरो गएको स्थान प्रहरीचौकीबाट चार किमि पश्चिममा रहेको छ । सडक खण्डमा माटो, ढुंगासहितको सुक्खा पहिरो खसेर सडकमा सवारी आवागमनमा अवरोध भएको र पहिरो पन्छाएर सडक सुचारु गर्ने प्रयास भइरहेको प्रहरीको भनाइ छ ।

### लम्पी स्किन रोगविरुद्ध सप्ताहव्यापी खोप अभियान सुरु

# १ लाख २० हजार पशुलाई खोप लगाउने लक्ष्य

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ बागमती प्रदेश सरकारले लम्पी स्किन रोगविरुद्ध सप्ताहव्यापी खोप अभियान सुरु गरेको छ । अभियान बागमती प्रदेशका १३ वटै जिल्लामा सुरु भएको हो ।

ललितपुरको कोञ्ज्योसोम गाउँपालिका-१ मा आयोजित एक कार्यक्रमकाबीच कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसुदन पौडेलले खोप अभियानको उद्घाटन गरे । अभियानअन्तर्गत प्रदेशका १३ जिल्लाका १ लाख २० हजार पशुलाई खोप लगाउने लक्ष्य राखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका वरिष्ठ पशुविकास अधिकृत डा. रामप्रकाश प्रधानका अनुसार सबैभन्दा बढी चितवनको पशुसेवा कार्यालयलाई ३० हजार डोज खोप उपलब्ध गराइएको छ ।

त्यसैगरी, जिल्ला पशुसेवा कार्यालय मकवानपुरका लागि २५ हजार, काभ्रेलाई १४ हजार, नुवाकोट र सिन्धुलीलाई १२/१२ हजार, धादिङलाई ११ हजार, ललितपुरलाई १० हजार र दोलखाको पशुसेवा कार्यालयलाई ६ हजार डोज खोप उपलब्ध गराइएको छ । खोपको व्यवस्थापन संघीय सरकारले गरेको छ भने खोप लगाउन लाग्ने खर्च बागमती प्रदेश सरकारले व्यहोर्ने डाक्टर प्रधानले जानकारी दिएका छन् ।

बागमती प्रदेशमा असार र साउन महिनामा मात्रै लम्पी स्किन रोगका कारण ७४ पशुचौपायाको



मृत्यु भएको छ । १ हजार ६ सय ३३ पशुमा रोगको संक्रमण देखिएको छ । विशेषगरी मकवानपुर, सिन्धुली, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकमा यो रोगको संक्रमण बढी देखिएको छ । लम्पी स्किन रोग लागेका पशुमा उच्च ज्वरो आउने, शरीरको छालामा ५० मि.मि.सम्मको गोलो गाँठाहरु देखापर्ने, ती गाँठा फुटेर घाउमा परिणत हुने, मुख तथा नाकको भित्रि भागमा घाउहरु देखिने, खुट्टाको जोर्नीहरु सुन्निने जस्ता लक्षण देखिने पशु चिकित्सकले बताएका छन् । यो रोग लागेमा पशुको दुध उत्पादन ६५ प्रतिशतसम्म घट्ने गरेको छ ।

मन्त्रालयको तथ्यांक अनुसार बागमती प्रदेशभर कुल गाईको संख्या ६ लाख ९४ हजार २१७ रहेको छ भने भैँसीको संख्या ५ लाख ४९ हजार १८२ रहेको छ । ती पशुले वार्षिकरुपमा जम्मा ४ लाख ८१ हजार ७७१ मेट्रिकटन दूध उत्पादन गर्ने गरेका छन् । जिल्लागतरुपमा हेर्दा चितवनमा सबैभन्दा बढी दूध उत्पादन हुने गरेको देखिन्छ, जहाँ सात स्थानीय तहमा ९२ हजार २ सय ५६ गाई र ७२ हजार २ सय भैँसी छन् । त्यहाँको दूध उत्पादन ९५ हजार १ सय ४१ मेट्रिकटन रहेको छ ।

त्यसैगरी, काभ्रेपलाञ्चोकमा १३ वटा स्थानीय तहमा ७३ हजार ९३६ गाई र ६६ हजार ९९ भैँसी पालिएको छ भने ८० हजार २८० मेट्रिकटन दूध उत्पादन हुने गरेको छ । धादिङ जिल्लामा ७६ हजार ६ सय ३ गाई र ८० हजार १ सय ४४ भैँसी छन्, जसबाट ५० हजार ३८ मेट्रिकटन दूध उत्पादन हुन्छ । मकवानपुरमा ८७ हजार ७ सय ६४ गाई र ४७ हजार ६ सय ६९ भैँसी रहेका छन्, यहाँको दूध उत्पादन ५० हजार ३२० मेट्रिकटन रहेको छ । ललितपुरमा ६ वटा स्थानीय तह छन्, जहाँ २९ हजार ३०७ गाई र २९ हजार ७५ भैँसी छन् । त्यहाँको दूध उत्पादन २८ हजार ८४० मेट्रिकटन रहेको छ ।

काठमाडौंमा ११ वटा स्थानीय तहमा ३९ हजार १ सय गाई र १९ हजार ४ सय ४ भैँसी रहेका छन्, जसले २६ हजार ३९५ मेट्रिकटन दूध उत्पादन गर्छन् । भक्तपुरमा चार स्थानीय तहमा २२ हजार ९ सय ९२ गाई र ७ हजार ५ सय ८५ भैँसी छन्, र त्यहाँको दूध उत्पादन १३ हजार ५५७ मेट्रिकटन रहेको छ । यस्तै, नुवाकोटमा ३० हजार ६५२ गाई र ६१ हजार ९ सय २० भैँसी छन्, जहाँबाट ३६ हजार ८५० मेट्रिकटन दूध उत्पादन हुन्छ । रामेछापमा ५२ हजार ६ सय ६५ गाई र ३६ हजार ३ सय ३७ भैँसी रहेका छन् भने त्यहाँको दुध उत्पादन २१ हजार २ सय ३१ मेट्रिकटन रहेको छ ।

रसुवामा पाँचवटा स्थानीय तहमा ११ हजार ७ सय २ गाई र ८ हजार २ सय ३३ भैँसी छन्, र त्यहाँ ४ हजार ५३ मेट्रिकटन दुध उत्पादन हुने गर्दछ । सिन्धुलीमा ९ वटा स्थानीय तह छन्, जहाँ ९२ हजार ३ सय १६ गाई र ४७ हजार २ सय १५ भैँसी छन् । त्यहाँ ३४ हजार ९११ मेट्रिकटन दूध उत्पादन हुने गरेको छ । सिन्धुपाल्चोकमा १२ वटा स्थानीय तह छन्, जहाँ ४४ हजार ५ सय ९ गाई र ४६ हजार १ सय ३५ भैँसी छन् र २३ हजार ३९१ मेट्रिकटन दूध उत्पादन भएको देखिन्छ ।

बागमती प्रदेशमा वार्षिक ४ लाख ८१ हजार ७ सय मेट्रिकटन दूध उत्पादन हुने गरेको छ । मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा बागमती प्रदेशका ७१ हजार ९ सय ७७ पशुमा लम्पी स्किन विरुद्धको खोप लगाइएको थियो । आर्थिक वर्ष २०८०/८१ मा ४८ हजार ३ सय ६४ पशुलाई खोप लगाइएको थियो ।

# 'भाषा ऐन कार्यान्वयनमा स्थानीय निकाय जिम्मेवार हुनुपर्ने'

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/'सरकारी कामकाजको भाषा सम्बन्धी ऐन २०८०' कार्यान्वयन स्थानीय निकाय जिम्मेवार बन्नुपर्ने सरोकारवालाले बताएका छन् ।

३१ औं तामाङ प्रशारण दिवसको अवसरमा तामाङ पत्रकार संघ बागमती प्रदेश र मकवानपुर समितिको आयोजनामा आइतबार हेटौंडामा भएको अन्तरक्रिया कार्यक्रममा सरोकारवालाले ऐनको कार्यान्वयन स्थानीय तहका जनप्रतिनिधि बढी जिम्मेवार हुनुपर्ने धारणा राखेका छन् । नेपाल तामाङ घेदुङका केन्द्रीय सदस्य मेम्बर लो तामाङले मातृभाषाको उपयोगलाई केवल औपचारिकता नभई जीवनशैलीमै लागू गर्नुपर्ने बताए । उनले स्थानीय तहले त्यसका लागि दीर्घकालीन योजना बनाउनुपर्ने आवश्यकतामा जोड दिए ।

सदस्य तामाङले पछिल्लो समय तामाङ समुदायभित्रै तामाङ भाषा बोल्ने वक्ताको कमि हुँदै गएको बताएका छन् । कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले स्थानीय जनप्रतिनिधिले भाषा ऐन कार्यान्वयन गर्न नसकेको स्वीकार गरेका छन् । विशेषगरी: भौतिक विकास मात्र केन्द्रित हुँदा ऐन कार्यान्वयन



पर्याप्त मात्रमा हुन नसकेको उनले बताए । अध्यक्ष मुक्तानले ऐन कार्यान्वयनमा आफूहरु स्थानीय सरकारसँग समन्वय गर्न तयार रहेको बताए । वरिष्ठ पत्रकार प्रताप विष्टले ऐन कार्यान्वयनमा तामाङ घेदुङ संघले काम गर्न नसकेको बताए ।

भाषा बलियो भए मात्र राष्ट्र बलियो हुने भन्दै उनले ऐन कार्यान्वयनमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताएका छन् । यता संस्कृति तथा पर्यटन मन्त्रालयमा सचिव दीपेन्द्र सुवेदीले ऐन कार्यान्वयनका लागि कार्यहरु भैरहेको दाबी गरे । भाषा सम्बन्धी ऐनको विस्तृतिकरणका लागि नियमावली तयार भएको मन्त्रालयका सचिव सुवेदीले बताएका छन् । उनका अनुसार नेवादय:दबू र नेपाल तामाङ घेदुङको सहकार्यमा सरकारी कार्यालयका कर्मचारीका लागि भाषा प्रशिक्षण प्याकेज बनाइएको छ ।

कार्यक्रमको उद्घाटन मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले गरेका हुन् । संस्कृति तथा पर्यटन मन्त्रालयको सहकार्यमा भएको कार्यक्रममा १० हजार १ सय रुपैयाँ राशीको 'आईते सिंह-बुद्धिमाया रुम्बा स्मृति तामाङ पत्रकारिता पुरस्कार २०८२' बाट नुवाकोटको ककनी गाउँपालिका-७ चतुराले निवासी पत्रकार अर्जुन बहादुर ग्लान तामाङ सम्मानित भए । नगद ५ हजार राशीको 'तामाङ पत्रकारिता पुरस्कार-२०८२' बाट मकवानपुरको मकवानपुरगढी गाउँपालिका-४ निवासी पत्रकार भुवन घलान (सोमलाल) सम्मानित भए । वि.सं. २०५१ साल भदौ १ गते रेडियो नेपालबाट पहिलोपटक तामाङ भाषामा समाचार प्रसारण भएको ऐतिहासिक दिनको स्मरणमा हरेकवर्ष यो दिवस मनाईँदै आएको हो ।

# गढीकी दाहाल सर्वोत्कृष्ट व्यवस्थापक घोषित

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ सर्वोत्कृष्ट महिला व्यवस्थापकको उपाधि मकवानपुरगढी गाउँपालिका-३ स्थित जागरण बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक मेनुका दाहालले प्राप्त गर्ने भएकी छिन् ।

संघले सार्वजनिक गरेको विवरणमा उनले प्रदेशकै सर्वोत्कृष्ट महिला व्यवस्थापकको उपाधि प्राप्त गर्न लागेकी हुन् । बचत तथा ऋण सहकारी संस्थाको छाता संगठनको रुपमा रहेको बागमती प्रदेश बचत तथा ऋण ऋण सहकारी संघको छैटौं स्थापना दिवसको अवसरमा उपाधि प्रदान गरिनेछ । १३ जिल्लाका विभिन्न संस्थाका महिला व्यवस्थापकलाई उछिन्दै मकवानपुरकी दाहालले उपाधि प्राप्त गरेकी हुन् ।

विस २०७२ सालदेखि सहकारीमा आवद्ध रहेकी दाहाल व्यवस्थापन संकायमा स्नातकोत्तर गरेकी छिन् । गतवर्ष जिल्ला बचत तथा ऋण सहकारी संघबाट उत्कृष्ट व्यवस्थापक सम्मान प्राप्त गरेकी दाहाल सहकारी अभियानमा निरन्तर लगनशीलताका साथ सक्रिय रहेकी छिन् । 'म आउँदा सुरुवातमा ४ करोड कारोबार थियो, हाल साढे २२ करोडको कारोबार गर्दै सदस्यलाई बचत र ऋणको सेवा प्रदान गर्दै आइरहेको छु । सहकारीमा धेरै काम सञ्चालन हुँदै आइरहेको छ । आफूले जिम्मेवारीका साथ कार्य गरेको बताउँदै एक्सेस ब्राण्डिङ कार्यक्रममा सहभागी भइरहेका छौं,' उनले भनिन् ।

सहकारीमार्फत महिला



सदस्यको लागि स्तन तथा पाठेघरको मुखको क्यान्सर परीक्षण गरिनुका साथै गरिब तथा विपन्न बाल सदस्यको लागि छात्रवृति वितरण गर्दै आइरहेको उनले बताइन् । मकवानपुरगढी-३ मक्रान्चुलीमै जन्मिएकी दाहाल आफ्नै गाउँमा सहकारीमार्फत सेवाप्रदान गर्दै आइरहेकी छिन् । दर्जनौं बढी विभिन्न तालिम लिएकी दाहालले गरिबी विरुद्ध वित्तीय शिक्षाको टीओटी तालिम लिएकी छिन् ।

उनले लेखा व्यवस्थापन, धितो मूल्यांकन तालिम, पर्ल्स अनुगमन, संस्थागत विकास, नेतृत्व विकास, जनशक्ति व्यवस्थापन, वार्षिक योजना तथा बजेट निर्माण, वस्तु तथा सेवा विकास, उच्चस्तरीय पर्ल्स अनुगमन प्रणाली, कर व्यवस्थापन लगायत थुप्रै तालिम लिइसकेकी छिन् । आफूले संस्थाको जिम्मेवारी लिएपश्चात संस्थाले नेपालस्तरको प्रोवेशन ब्राण्ड तीनपटक २०७५ देखि ०७७ सम्म प्राप्त गरेको व्यवस्थापक दाहालले बताइन् ।

जिल्ला बचत संघ मकवानपुरबाट उत्कृष्ट मिश्रित साकोस सम्मान भएको थियो भने नेफ्स्कुनबाट सर्वोत्कृष्ट संस्था सम्मानित भएको उनले बताइन् । उनका अनुसार मकवानपुरगढी गाउँपालिकाबाट दुईपटक सहकारी संस्था सम्मानित भइसकेको छ ।

## बागमती फुटबल एकेडेमीका लागि खेलाडी छनोट सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ मकवानपुरको बागमती गाउँपालिकाले फुटबल एकेडेमी सञ्चालनको लागि खेलाडी छनोट सुरु गरेको छ । आइतबारदेखि वडा नम्बर ४ स्थित सहिदस्मृति रंगशालामा खेलाडी छनोट सुरु गरेको हो ।

आइतबार वडा नम्बर ४ र ५ नम्बरका खेलाडी छनोट गरिएको छ । भदौ ८ गतेसम्ममा सबै वडाको खेलाडी छनोट गरिने बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले बताए । सबै वडामा छनोट पश्चात् अन्तिमचरण छनोट गरेर एकेडेमीमा राखेर व्यावसायिक रुपमा खेलाडी उत्पादन गर्ने उनले बताए । यस्तै एन्फा केन्द्रीय सदस्य टीकाराम लामाले सरकार र एन्फाबीचको सहकार्य स्थानीय तहबाट भएकोमा खुशी व्यक्त गरे । उनलाई एकेडेमी सञ्चालनका लागि एन्फासँग सहकार्य गर्ने बताए ।

मुख्य प्रशिक्षक मेघराज केसीको टिमले खेलाडी छनोट सुरु गरेको छ । राष्ट्रियस्तरको गोल्डकप आयोजना गर्दै आइरहेको बागमतीले अब व्यावसायिकरुपमा खेलाडी उत्पादन गर्ने गरी एकेडेमी सञ्चालनको तयारी थालेको हो । छनोट भएका खेलाडीलाई बागमती-८ स्थित एकेडेमी भवन राखेर प्रशिक्षण गराउने गाउँपालिकाले तयारी गरेको छ । खेलाडी छनोट कार्यक्रममा एन्फा केन्द्रीय सदस्य लामा, बागमती प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरी, मकवानपुरका वरिष्ठ उपाध्यक्ष अरुण बल, सदस्य आलोक स्याङ्तन, बागमती-४ का वडाध्यक्ष दन्तलाल माझी, बागमती खेलकुद विकास समितिका अध्यक्ष रहर थिङ, उपाध्यक्ष मुक्ति लामा र बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी लगायतको उपस्थिति थियो ।



साझाकुरा

## हाम्रो कुरा

# उबेला करले गाडी बोके अहिले रहरले

नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपालले भदौ ५ गतेदेखि काठमाडौंमा आयोजना गगर्न लागेको अटो शोमा प्रदर्शन गर्ने उड्ने कार बोकेरै नेपाल भित्र्याएको छ । बाढीका कारण तातोपानी नाकाको सडक अवरुद्ध हुँदा उड्ने कार बोकेर ल्याउनु परेको हो । यो कार बोकेरै नेपाल भित्र्याउनु पर्ने बाध्यता भने थिएन । किनभने नेपालमा उड्ने कार बिक्री गर्ने विषयमा कुनै पनि कानुन बनेको छैन । यात्री कम्पनीले नेपालमा मोटर साइकल बनाएको वर्षौं भयो अझै बजारीकरण गर्ने कानूनी आधार तयार भएको छैन । नेपालमा उड्ने कार बिक्री गरेर भोलिदेखि नै नेपाली जनता कारमा उडिहाल्ने सम्भावना पटक्कै छैन । त्यसैले पनि उड्ने कार बाध्यतावश ल्याइएको होइन । यसलाई नाडाले अटो शोको आकर्षणका लागि वा अटो शोमा दर्शक तान्नका लागि ल्याएको मात्र हो । हिजो सडक नै नभएको अवस्थामा मकवानपुरका मानिसले काँधमा गाडी बोकेर काठमाडौंका तत्कालीन सम्भ्रान्त परिवारलाई खुशी बनाएका थिए । राणाहरुले उर्दी जारी गरेपछि गाडी बोक्न घरलौरी उपस्थित हुनै पर्थ्यो ।

हाम्रा पितापुर्खाले भीमफेदीबाट देउराली–कुलेखानी–चितलाङ–चन्द्रागिरी हुँदै थानकोट गाडी बोकेको ईतिहास धेरै पुरानो छैन । उड्ने कारलाई मानिसले काँधमा बोकेको फोटो अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । करिब एक सय मिटर सडकमा मानिसले कार बोकेका हुन् । नेपालमा यातायातको इतिहास धेरै पुरानो छैन । त्रिभुवन राजपथ निर्माण नहुँदासम्म काठमाडौं उपत्यकाका सर्वसाधारणमा गाडीको पहुँच थिएन । काठमाडौंमा नभएको सडक नेपालका अन्य ठाउँमा हुने कुरै भएन । तराई समथर भूभाग भएकाले सडक निर्माण सहज हुँदा मकवानपुरको भीमफेदीसम्म सामान्य सडक बनाएर गाडी ल्याइन्थ्यो । नेपालका धेरै भूभाग घुमेर नेपालबारे परिचयात्मक पुस्तक लेखेका डा. टोनी हेगनका अनुसार राणा प्रधानमन्त्री वीर शमशेरको पालामा गेहेन्द्रशमशेरले काठमाडौंमा पहिलोपटक गाडी भित्र्याएका थिए । त्यो गाडी मकवानपुरको भीमफेदीबाट मानिसले बोकेर काठमाडौं लगिएका थियो । सन् १९१२ मा नेपालमा ४० जना नेपालीले गाडी बोकेर ल्याएको डा. हेगनको पुस्तकमा उल्लेख छ । वीरशमशेरका छोरा गेहेन्द्र शमशेरले बेलायतबाट फोर्ड कम्पनीका मोटर झिकाई काठमाडौंमा ल्याएको इतिहास छ । उनले नेपालमा गाडी भित्र्याएर तत्कालीन राजालाई उपहार दिएका थिए । विरु.सं. १९९० पछि नेपालमा दमकल ल्याइयो । यो पनि बोकेरै काठमाडौं ल्याइएको हो । काठमाडौंलाई तराईसँग जोड्ने त्रिभुवन राजपथ नबन्दासम्म भीमफेदीबाट देउराली–चितलाङ–चन्द्रागिरी भन्ज्याङ हुँदै गाडी काठमाडौं ल्याइएको थियो । सडक यातायातको विस्तार हुन थालेपछि नेपालमा गाडीको संख्या बढ्दै गएको हो । सन् १९५१ मा त्रिभुवन राजपथ तयार भएपछि मात्र काठमाडौं सडक सञ्जालले जोडिएको थियो । त्यतिबेला भारतको रक्सौलबाट बाराको अमलेखगंजसम्म रेल चल्ने गरेको थियो ।

अमलेखगंजबाट मोटर चढेर हेटौंडा हुँदै भीमफेदीसम्म पुग्न सकिन्थ्यो । तराईका केही ठाउँमा सडक पुगेको थियो । सन् १९५६ मा त्रिभुवन राजपथ बनेपछि काठमाडौंमा यातायात चल्न थालेको हो । त्यसअघि काठमाडौंमा करिब १०० गाडी बोकेरै भित्र्याइएको इतिहास पाइन्छ । काठमाडौं उपत्यकामा गाडी चल्न थालेको करिब ७० वर्षपछि उड्ने कार बोकेको तस्बिरले इतिहासलाई ताजा बनाउने काम गरेको छ । बिगतका दिनमा काँधमा नोल लगाएर गाडी बोक्नु बाध्यता थियो तर, अहिले त्यही विषय रहर भएको छ । नाडा अटो शोमा प्रदर्शनीका लागि गाडी बोक्नु परेको हो त्यो पनि जम्माजम्मी सय मिटर जति मात्र । तर, बिगतका दिनमा त भीर पाखाको बाटोमा पनि ५० किमि जति गाडी बोकिएको ईतिहास ताजै छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ ३ गते बुधबार १९ अगष्ट २०२५ । एकादशी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३७, सूर्यास्त ६:३६।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायबाट लाभ पाइने | तुला | : कुरा काट्नेहरु सक्रिय हुने |
| वृष | : जिम्मेवारी पूरा गर्न सकिने | वृश्चिक | : नयाँ काम हात पर्ने |
| मिथुन | : गलत विचार बढ्ने | धनु | : कार्यान्तरण हुन सक्ने |
| कर्कट | : काममा अबरोध आउने | मकर | : शुभ समाचार सुन्न पाइने |
| सिंह | : अधुरा काम पूरा हुने | कुम्भ | : अनावश्यक खर्च बढ्ने |
| कन्या | : घरेलु समस्याले सताउने | मीन | : भोजको अवसर मिल्ने |

# गतिशील विकासको नयाँ चरण: निर्माणाधीन योजनामा तीव्रता र कार्य–संस्कृतिमा सुधार



✍सागर पण्डित

नेपालमा विकासका आयोजनाहरुले केही हदसम्म गति लिन थालेको देखिएको छ । यदि वर्तमान सरकारले यो गतिलाई बढाउँदै लगेको खण्डमा मुलुक समृद्धिको दिशामा सहजै अग्रसर हुन सक्ने विश्वास लिइएको छ । तर हामीकहाँ यस्ता कार्यहरुले निरन्तरता पाउन नसक्ने रोगका कारण मुलुकको विकासमा अवरोध सिर्जना हुँदै आएको हो । त्यसैले आगामी दिनमा यस्ता कार्यहरुले निरन्तरता पाउनुपर्छ । विकास आयोजनामा आएको गति, कार्यान्वयनको शैलीमा आएको अनुशासन र विगतका अधुरा योजनामा देखिएको निरन्तरताले विकासतर्फ भरिलो आशा पलाउन थालेको छ ।

नेपालको विकास यात्राले अहिले केही गति लिन थालेको छ । अघिल्ला दिनहरूमा 'योजना बनाउने र फाइलमै राख्ने' संस्कृति हाबी भएकोमा अहिले त्यो सोचमा आमूल परिवर्तन हुँदै गएको छ । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारले नयाँ योजना घोषणा गरेर प्रचारमुखी देखिनुभन्दा यसअघि शुरु गरिएका तर वर्षौंसम्म सम्पन्न हुन नसकेका र कतिपय समस्यामा फसेका एवं ढिलासुस्तीमा परेका योजनाहरूलाई प्राथमिकतामा राखेर कार्यान्वयनमा गति दिएको छ । ती आयोजनाहरुको समस्या र झमेला पूर्णरुपमा अन्त्य गर्दै सरकारले विकास आयोजनालाई गति दिनु प्रशंसनीय हुनेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले मुलुकमा लामो समयदेखि सञ्चालन हुँदै आएका र समयमा नै सम्पन्न हुन नसकेका राष्ट्रिय गौरवका आयोजनालगायत अन्य दर्जनौं विकास आयोजनाहरुको कामलाई समयमा नै सम्पन्न गराउन प्रभावकारी अनुगमनसमेत थालेको छ । यो अनुगमनलाई निरन्तरता दिँदै विकास अभियानलाई थप उचाइमा पुर्‍याउन सक्नुपर्छ । यो अभियानमा आम नागरिक समाजलाई पनि सहभागी बनाउन सक्ने हो भने राम्रो प्रतिफल आउन सक्ने सम्भावनालाई सरकारी अधिकारीहरुले विशेष ख्याल राख्नुपर्छ ।

प्रधानमन्त्री कार्यालयको अनुगमनसँगै पूर्ववर्ती प्रचण्ड नेतृत्वको सरकारको पालामा भन्दा विकास निर्माण कार्यले हाल उच्च गति लिन थालेको देखिएको छ । प्रधानमन्त्री ओलीले सरकार गठनसँगै राष्ट्रिय गौरवका आयोजनाका साथै अन्य विकास आयोजनाको प्रभावकारी अनुगमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारीहरुलाई निर्देशन दिँदै आउनुभएको छ ।

प्रधानमन्त्री ओलीको विकास–भिजनलाई अघि बढाउन र लामो समयदेखि सञ्चालन भएर पनि सम्पन्न हुन नसकेका आयोजनालाई समयमा नै सम्पन्न गर्न दिएको निर्देशनअनुसार विकास आयोजनाको प्रभावकारी अनुगमन थालेको प्रधानमन्त्री कार्यालयले अब अनुगमनलाई देशव्यापी बनाएर आयोजना सम्पन्न गर्न ढिलाइ र लापरवाही गर्ने कर्मचारी अनि ठेकेदारलाई कठोर कारबाही गर्नुसक्नुपर्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केही वर्षअघि नेपालका रुग्ण आयोजनाका बारेमा विस्तृत अध्ययन, अनुसन्धान गरेको थियो । सो अनुसन्धानले विभिन्न क्षेत्रका १८ सयभन्दा बढी आयोजनाहरु रुग्ण रहेका र तिनका लागि राज्यको खर्बौं रुपियाँ बालुवामा पानीसरह भएको निष्कर्ष निकालेको थियो । साथै अख्तियारले त्यस्ता रुग्ण आयोजनालाई अघि बढाएर सफल पार्न पनि सरकारी निकायलाई निर्देशन दिएको थियो । अब वर्तमान सरकारले अख्तियारको सो निर्देशनको पालना गरी देशभरका रुग्ण आयोजनाको वास्तविकता खोजी गर्न सक्नुपर्छ ।

प्रधानमन्त्री कार्यालयले विकास आयोजनाको गुणस्तर र सुशासनका विषयलाई प्राथमिकतामा राखेर निरन्तर अनुगमन गर्नुपर्छ । आयोजनलाई समयमा नै सम्पन्न गर्न देखा परेका विभिन्न खाले चुनौती र समस्याहरु पहिचान गरी समाधानका लागि समेत आवश्यक सहजीकरण गर्नुपर्छ । प्रधानमन्त्री ओलीले केही दिनअघि मात्रै सरकारका सबै मन्त्री र मुख्य सचिवसँग चालू आर्थिक वर्षमा गर्नुपर्ने विशेष जिम्मेवारी दिँदै कार्यसम्पादन संझौता गरिसक्नुभएको छ । कार्यसम्पादन संझौताअनुसार काम भए वा नभएको बारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले नियमित अनुगमन गर्न जरुरी छ ।

प्रधानमन्त्री कार्यालयले अहिले लामो समयदेखि सञ्चालनमा रहेर रुग्ण अवस्थामा पुगेका झन्डै २ हजार आयोजनामध्ये अति महत्वपपूर्ण मानिएका २ सय आयोजनाहरुको पहिचान गरी ती आयोजनाहरु सम्पन्न गर्नसमेत सरोकारवाला निकायलाई आवश्यक निर्देशन दिएको छ । मुलुकमा हजारौं विकास आयोजनाहरु समयमा नै सम्पन्न हुन नसक्दा लागतसमेत बढेर ४–५ गुणा वृद्धि हुँदा मुलुकको राजस्वमा क्षति भइरहेकाले त्यस्तो अवस्था आउन नदिन पनि प्रधानमन्त्री कार्यालयले विशेष निगरानी बढाउँदै आयोजनाहरु समयमा नै सक्न आवश्यक कडाइ गर्नुपर्छ ।

विशेष गरी वर्षौंदेखि सञ्चालनमा रहे पनि सम्पन्न हुन नसकेका सडक, खानेपानी, कृषि, विद्युत्, सिंचाइ क्षेत्रका झन्डै २ सय विकास आयोजनाहरु छनौट गरी छिटोभन्दा छिटो त्यस्ता आयोजनालाई द्रुत गतिका साथ अगाडि बढाउन सरोकारवाला निकायलाई निर्देशन दिनुलाई स्वागतयोग्य मान्नुपर्छ तर निर्देशन दिएर मात्रै पुग्दैन । निरन्तर अनुगमन गर्नुपर्छ र आयोजनालाई अलपत्र पारी बेपत्ता भएका ठेकेदारहरुलाई आवश्यकताअनुसार कालो सूचीमा राख्ने तथा कडा कारबाहीसमेत गर्नुपर्छ । नयाँ आयोजनाको संख्या थप्ने होइन कि निर्माणाधीन आयोजना सम्पन्न गर्ने प्रतिबद्धतासहित निर्माणाधीन विकास आयोजनाहरुको तीव्र अनुगमन गरी विकासमा गति दिनुपर्छ । प्रधानमन्त्रीले निरन्तर निर्देशन दिँदै आउनुभएकाले सोही अनुसार विकास कार्यले गति लिनु अत्यावश्क छ ।

पुष्पकमल दाहालको अघिल्लो सरकारको कार्यकालमा रोकिएका अयोजना सम्पन्न गर्ने, झमेला, ढिलासुस्ती, रुख कटान, न्यून बजेटलगायतका समस्या व्यहोरेका आयोजनालाई प्रधानमन्त्री ओली आफैंले विशेष पहलकदमी लिन थालेपछि त्यस्ता सबै आयोजनाहरु अब सयमा नै सम्पन्न हुन सक्ने विश्वास लिन सकिन्छ । विकासको माहौल बनाउँदै आएको ओली नेतृत्वको सरकारले राष्ट्रिय राजमार्गका रुपमा रहेको मुग्लिङ–पोखरा सडक (पूर्वी खण्ड) सम्पन्न हुने अवस्थामा पुर्‍याएको छ भने ठप्प प्राय: रहेको कमला–कन्चनपुर सडकको निर्माण कार्यलाई सुचारु बनाई सो खण्डमा ६६ प्रतिशत उपलब्धि हासिल गरेको छ । नारायगढ–बुटवल सडकखण्डमा प्रधानमन्त्री ओली आफैंले अग्रसरता लिएपछि सो सडकमा ७० प्रतिशतभन्दा बढी काम भइसकेको प्रधानमन्त्री कार्यालयले जनाएको छ । यसअघि प्रचण्ड सरकारका पालामा ठेक्का तोड्नुपर्ने अवस्थामा पुगेको थियो तर अहिले सो ठेक्काले गति लिएको छ ।

तराई मधेस द्रुतमार्गमा प्रगति ३५ प्रतिशतबाट बढेर ४२.१३ प्रतिशत पुगेको छ । यस्तै, काँकडभिट्टा–लौकही पूर्वी खण्डमा ६ प्रतिशतबाट २२.१२ प्रतिशत, पश्चिम खण्डमा ४.७ प्रतिशतबाट २२.१ प्रतिशत पुगेको छ । मुग्लिङ–पोखरा सडकको पूर्वी खण्ड ६० प्रतिशतबाट ८२.७४ प्रतिशत पुगेको छ भने पश्चिम खण्ड ४५ प्रतिशतबाट ५४.१ प्रतिशतमा पुगेको छ । यसै गरी, नागढुंगा सुरुङमार्गको प्रगति ६६ प्रतिशतबाट ९२.५ प्रतिशत, सिद्धबाबा सुरुङमार्ग सडकको प्रगति १६ प्रतिशतबाट ५८.३ प्रतिशतमा उक्लिएको छ । केही आयोजनाहरू जस्तै– कमला–ढल्केवर –पथलैया सडक र बुटवल–गौरुसिंगे–चनौटा सडक आव २०८१/८२ मा मात्र शुरु गरिएका हुन्, जसमा प्रारम्भिक प्रगति क्रमश: १०.९१ र १२.२३ प्रतिशत छ । कालिगण्डकी करिडोरमा ६४.८ बाट ७९.८ प्रतिशत, बेनी–जोमसोम–कोरोला खण्डमा ७२ बाट ८५ प्रतिशत र तमोर करिडोरमा २५ बाट ५६ प्रतिशत प्रगति पनि उल्लेख्य प्रगति मान्नुपर्छ ।

वर्तमान सरकारले सडक र भौतिक पूर्वाधार निर्माणमा विशेष प्राथमिकता दिँदै आएको देखिन्छ, जसअनुसार सरकारले सडक पूर्वाधार मा एसियन मापदण्ड स्तरको राष्ट्रिय राजमार्ग निर्माण, लोकमार्ग निर्माण, सडक लेन विस्तार, सुरुङमार्ग निर्माणलगायतका पूर्वाधार निर्माणमा केन्द्रित गर्दै आइरहेको छ । ओली सरकारकै पालामा नेपाल सुरुङमार्गमा प्रवेश गरेको हो र नागढुंगा सुरुङमार्गमा छिट्टै निर्बाधरुपमा सवारीसाधन गुड्ने गरी आवश्यक काम थालिएको जनाइएको छ । प्रधानमन्त्री कार्यालयका अनुसार वर्तमान सरकारको समयावधिमा कुल सडकको थप ९३२ कि.मि. सडक कालोपत्रे भएको छ । हाल दैनिक २.५५ कि.मि. कालोपत्रे हुने गरेको छ ।

विकास आयोजनाको अनुगमन गर्दा प्रारम्भिक योजना निर्माणकै चरणमा पारदर्शिता कायम गर्न सक्नुपर्छ । त्यसै गरी आयोजना छनोट, लागत, डिजाइन र समयसीमासमेत स्पष्ट हुनुपर्छ । त्यसै गरी योजना बनाउँदासमेत स्थानीय बासिन्दाको पनि अपनत्व लिएर बनाउनुपर्छ । अनुगमन गर्दा नियमित प्राविधिक अनुगमनअन्तर्गत गुणस्तरीय इन्जिनियरिङ वा सुपरभिजन टोली खटाएर गर्न सक्नुपर्छ । अनुगमन गर्दा त्रुटि भेटिएको खण्डमा ठाउँका ठाउँ कारबाही गर्नुपर्छ । आयोजनामा नागरिकको सजगता र निगरानी अनिवार्य हुन्छ ।

कार्य सम्पन्न भएपछि स्वतन्त्र प्राविधिक टोलीबाट मूल्यांकन गराउनुपर्छ, जसले प्राविधिक गुणस्तर, लागत प्रभावकारिता र प्रयोगकर्ताको सन्तुष्टि मूल्यांकन गर्छ । अनुगमन गर्दा गुणस्तरहीन काममा कहिल्यै पनि संझौता गर्नुहुँदैन । अनुगमनका क्रममा गुणस्तरहीन काम गर्ने व्यक्तिहरू वा संस्था पहिचान भएमा कार्य रोक्का गर्ने तथा कालो सूचीमा राख्ने, जमानत रकम जफत गर्ने, बाँकी भुक्तानी रोक्का गर्नेजस्ता नसिहत दिनुपर्छ । यसै गरी गुणस्तर परीक्षणमा कमी पाइएको खण्डमा सम्बन्धित प्राविधिक इन्जिनियर वा सुपरभाइजरउपर छानबिन र आवश्यक कारबाही गर्नुपर्छ । नेपालमा विकास आयोजनाको गुणस्तर कायम राख्नको लागि प्राविधिक निगरानीसँगै सामाजिक उत्तरदायित्व, कानुनी कठोरता र नागरिक सहभागिता अनिवार्य छन् । गुणस्तरहीन कार्य गर्नेलाई कानुनी, आर्थिक र सामाजिकरूपमा जवाफदेही बनाइनु अपरिहार्य छ । यसो गर्न सकेमा मात्रै 'गुणस्तरीय विकास' को ग्यारेन्टी दिन सकिन्छ । प्रभावकारी अनुगमन र नियन्त्रणको लागि 'सम्झौता–मूल्यांकन–भुक्तानी' त्रिकोणीय संयन्त्र लागू गर्न सक्नुपर्छ ।

यसै गरी विकास आयोजनाहरुको अनुगमन प्रतिवेदन नियमितरुपमा सार्वजनिक गर्ने पद्धतिको विकास गर्नुपर्छ । नागरिक बडापत्र वा सामाजिक लेखापरीक्षण अनिवार्य गराउनुपर्छ । गुणस्तर मापन प्रयोगशालालाई अनिवार्य बनाउनुपर्छ । विकास आयोजनाहरु अनुगमनका क्रममा भ्रष्टाचार भएको देखिएमा थप अनुसन्धान र कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष सिफारिस गर्नुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# वैचारिक खडेरीको कालखण्ड

✍डा. बाबुराम भट्टराई

'महान् मान्छेहरू विचारको कुरा गर्छन्, औसत मान्छेहरू घटनाका कुरा गर्छन्, सामान्य मान्छेहरू व्यक्तिका कुरा गर्छन् ।' प्रसिद्ध अमेरिकी प्रथम महिला एलनर रुजवेल्टको यो चर्चित भनाइ वर्तमान विश्व र नेपालमा हुबहु लागू हुन्छ भन्दा अत्युक्ति हुँदैन । आखिर किन यस्तो हुन्छ ? भइरहेछ ? अहिले किन मानिसहरू विचारका कुरा भन्दा घटना र व्यक्तिविशेषका कुरा गर्न रुचाउँछन् ? के कतिपयले भने जस्तो 'विचारको अन्त्य' भएकै हो ? के विचार विनाको मान्छे, समाज, सभ्यता रहन सक्छ ?

**के हो विचार ?**

विचार भनेको आफ्नो लामो उद्विकासको क्रममा मानव जातिले आविष्कार गरेको संसारलाई बुझ्ने र बदल्ने सबभन्दा उन्नत र शक्तिशाली अभौतिक साधन वा हतियार हो । भौतिक, जैविक, सामाजिक र मानसिक जगतको गति र विकाससँगै देश (स्पेस) र काल (टाइम) अनुरूप विचारको संश्लेषण, प्रयोग र विकास हुँदै जान्छ । तसर्थ, संसारलाई बुझ्ने र बदल्ने सामर्थ्य राख्ने एक मात्र प्राणी मानव जातिको अस्तित्व रहेसम्म विचारको अन्त्य कहिल्यै हुँदैन र हुनसक्दैन । किनकि निरन्तर भौतिक, जैविक, सामाजिक, मानसिक जगतका गतिका नियमहरूको मानिसको चेतनाले गर्ने संश्लेषण नै 'विचार' हुनाले मानिस र विचारको गतिशील अस्तित्वलाई कहिल्यै अलग्याउन सकिन्न ।

मानव जातिको उद्विकासको इतिहासले भन्छ– करिब ६० करोड वर्ष पहिले प्रारम्भिक रूपमा राम्रो नराम्रो छुट्याउने क्षमता (स्टियरिंग) सहितको प्राणीको उद्विकास भएको थियो । त्यही प्राणी क्रमश: दोहोर्‍याएर कार्य गर्न सक्ने (रिइनफोर्सिङ), नक्कल गर्न सक्ने (सिमुलेटिङ), सोच्न सक्ने (मेन्टलाइजिङ) लगायत विभिन्न मानसिक क्षमता विकास गर्दै करिब १ लाख वर्ष पहिले मात्र बोलेर भाषामा कुरा गर्न सक्ने होमोसेपियन्स प्रजाति अर्थात् वर्तमान मानव जातिका आदिम पुर्खामा विकसित भएको थियो ।

बोल्ने, लेख्नेदेखि लिएर विद्युतीय सञ्चारमाध्यमहरू मार्फत द्रुत गतिमा सूचना आदानप्रदान र नवीन विचार संश्लेषण गर्ने क्षमताले नै मान्छेलाई केही सय वर्ष यता अरू प्राणीहरूसँग तुलनै गर्न नसक्ने गरी उद्विकासको यो शिखरमा पुर्‍याएको हो । अहिले संसारभर तहल्का र एकप्रकारको संशयपूर्ण आतंक मच्चाइरहेको कृत्रिम बुद्धिमत्ता (एआई) त्यसको उच्चतम अभिव्यक्ति हो । (म्याक्स बेनेट, २०२३, अ ब्रिफ हिस्ट्री अफ इन्टेलिजेन्स : ह्वाइ द इभोलुसन अफ द ब्रेन होल्ड्स द की टू द फ्यूचर अफ एआई)

मस्तिष्क विज्ञान, संज्ञानात्मक मनोविज्ञान, मानवशास्त्र, कृत्रिम बुद्धिमत्ता लगायत पछिल्ला सबै विज्ञानका अध्ययनहरूले मानव जातिको उद्विकासमा सबैभन्दा बढी योगदान उसको मस्तिष्कमा रहेको बाहिरी संसारबाट प्राप्त हुने सबै सूचनाहरूलाई प्रशोधन गरेर विविध प्रकृतिका विचार निर्माण र तिनलाई जीवन व्यवहारमा प्रयोग गर्ने विशिष्ट क्षमताको नै हो भनेर पुष्टि गरेका छन् । विचारका विभिन्न हाँगाहरूमध्ये दर्शन, राजनीति, अर्थशास्त्र, समाजशास्त्र, सौन्दर्यशास्त्र लगायतको समष्टि, जसलाई सामान्यत: 'विचारधारा' (आइडिओलोजी) वा 'मार्गनिर्देशक सिद्धान्त' (गाइडिङ प्रिन्सिपल) भनिन्छ, त्यो नै समग्र समाज र राज्यलाई दिशाबोध गर्ने मुख्य साधन हुन्छ । त्यो वैचारिक–राजनीतिक विचार धारा वा सिद्धान्तको जगमा नै राजनीतिक दल र राज्यको नीति, योजना, कार्यक्रम, संगठन, नेतृत्व, व्यवस्थापन लगायत अंगहरूको निर्माण हुन्छन् । अर्थात् यसरी पनि भन्न सकिन्छ– विचारधारा समग्र रूख हो भने नीति, कार्यक्रम आदि त्यसका हाँगाबिंगा हुन् । अत: यहाँ हामी विचारधारात्मक प्रश्नको विमर्शमा नै बढी केन्द्रित हुनेछौं ।

ऐतिहासिक रूपले विश्वमा र नेपालमा मानव समाज र राज्यको विकास सँगसँगै तिनलाई परिचालन र दिशाबोध गर्ने विचार धाराको विकास हुँदै आएको स्पष्ट रूपले देख्न सकिन्छ । शुरुको प्रारम्भिक खेतीपाती तथा पशुपालक अर्थतन्त्र र कविलाइ गणतन्त्रको युगमा प्रकृतिपूजक विचारधाराको बाहुल्य प्राय: सबैतिर पाइन्छ । त्यसपछिको ठूलो आकारको भूभागमा सामन्तवादी आर्थिक प्रणाली र वंशानुगत राजतन्त्रात्मक राज्य–प्रणाली भएको युगमा अदृश्य दैवीशक्तिमा आधारित चैतन्यवादी (आइडियालिस्ट)र अधिभूतवादी (मेटाफिजिकल) विचारधाराको वर्चस्व रहेको सर्वत्र देखिन्छ । त्यस्तो चिन्तन प्रणाली विश्व र नेपालमा हजारौं वर्षसम्म रह्यो र त्यसको अवशेष छिटपुट रूपमा अझै पाइन्छ ।

सोह्रौं–सत्रौं शताब्दीदेखि मूलत: यूरोपमा भएको वैज्ञानिक क्रान्ति, औद्योगिक क्रान्ति, लोकतान्त्रिक क्रान्तिपछि मात्र आधुनिक युग सुरु भएको मानिन्छ । त्यसै क्रममा हजारौं वर्षदेखिको भौतिक र सामाजिक जगत सम्बन्धी दैवीशक्तिमा आधारित मूल्यमान्यता र विचारको विनिर्माण भएर मानवकेन्द्रित र वैज्ञानिक तथ्य आधारित भौतिकवादी विचार शृंखलाको प्रादुर्भाव भएको हो । साथै, राजनीतिक रूपमा एकातिर व्यक्तिको निजत्व, स्वतन्त्रता र अधिकारकेन्द्रित उदारवादी (लिवरल) विचारधारा र अर्कोतिर मानवमा अन्तरनिहित सामाजिकता, वर्गीय पक्षधरता र श्रमिक वर्गको प्रभुत्व भएको राज्यव्यवस्थाको पक्षपोषण गर्ने समाजवादी/साम्यवादी विचारधाराको उदय भयो । नेपाल लगायत ग्लोबल साउथ भनिने अधिकांश देशमा भने बीसौं शताब्दीको अन्त्य र एक्काइसौं शताब्दीको शुरुमा मात्र ती राज्यप्रणाली र विचारधारा स्थापित हुनसके ।

जसको जन्म हुन्छ त्यसको मृत्यु पनि हुन्छ भन्ने प्रकृतिको शाश्वत नियम हो । त्यसअनुसार एक्काइसौं शताब्दीको शुरुआत सँगसँगै विश्वको अर्थ–राजनीतिक प्रणाली र त्यसको पक्षपोषण गर्ने विचारधारा पनि गम्भीर संकटमा पर्दै गइरहेका छन् । विकसित देशहरूमा बढ्दो आर्थिक असमानता, पर्यावरण संकट, आणविक हातहतियारको विभीषिका आदि संकट मडारिदैछन् भने अल्पविकसित र विकासशील देशहरूमा गरिबी, बेरोजगारी, परनिर्भरता, पर्यावरण विनास आदि समस्या गम्भीर बन्दै गइरहेका छन् । अर्कोतिर, डिजिटल प्रविधि, सामाजिक सञ्जाल र एआईको तीव्र विश्वव्यापी विस्तार र आम नागरिकमा पहुँचले पुराना स्थापित मूल्यमान्यता, जीवनशैली र सोचहरूलाई द्रुत गतिमा विनिर्माण गरिरहनेछन् । साथै डिजिटल प्रविधि, बायो–टेक्नोलोजी, नानो–टेक्नोलोजी, एआई सहित शुरु भएको चौथो औद्योगिक क्रान्ति र पूँजी, प्रविधि, श्रमको विश्वव्यापी चलायमानताले विश्व आर्थिक र राजनीतिक प्रणालीलाई नै नयाँ ढंगले अग्रगामी पुनर्संरचना गर्ने सम्भावनाका ढोकाहरू पनि उत्तिकै फराकिला बन्दै गइरहेछन् ।

यसरी पुन: एउटा युगको अन्त्य भएर नयाँ युगले जन्म लिन लागिरहेको संक्रमणकालीन अवस्थामा आम रूपमा वैचारिक उथलपुथल हुनु, आम नागरिक र विशेषत: स्वभावैले अधीर युवा पंक्तिमा अन्योल, आशंका र आक्रोश चुलिँदै जानु अन्यथा हुँदैन । परन्तु चेतनशील मानव समाज वैचारिक शून्यतामा रहन सक्दैन । त्यसैको फलस्वरूप अहिले विश्व र नेपालमा विभिन्न प्रकृतिका विभ्रममा आधारित नश्लीय राष्ट्रवाद (एथ्नो–नेसनालिज्म), धार्मिक कट्टरपन्थ (रिलिजियस फन्डामेन्टलिज्म), दक्षिणपन्थी वा वामपन्थी लोकप्रियतावाद (पपुलिज्म), व्यक्तिवादी नायकवाद (हिरोइज्म) आदिको डँढेलो खतरनाक ढंगले फैलिइरहेछ । कतिपय बालसुलभ चेतना भएका र सामाजिक सञ्जालहरूको दिग्भ्रममा परेका युवाहरू उदीयमान मध्यमवर्गको ठूलो पंक्ति समाज र राजनीतिप्रति नै नकारात्मक सोच राख्ने निन्दक प्रवृत्ति (सिनिसिज्म), शून्यवाद (निहिलिज्म), अज्ञेयवाद (एग्नोस्टिसिज्म), पलायनवाद (एस्केपिज्म) आदिको शिकार बन्दै गइरहेछन् । यस्तो दिशाहीनता गम्भीर वैचारिक संकटकै परिचायक हो । समाजका अगुवा चेत भएका शक्ति र व्यक्तिहरूले संकटलाई सम्भावनामा बदल्न यस्तै वैचारिक खडेरीको कालखण्डलाई चिरेर नयाँ वैज्ञानिक र अग्रगामी विचारको बीउ रोप्न र उमार्न सक्नुपर्दछ ।

**पुराना विचार र शक्तिहरूको स्खलन**

नेपालमा सन् १९५० को दशकबाट शुरु भएको आधुनिक लोकतान्त्रिक क्रान्तिको शृंखला सन् २०१५ मा संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएसँगै सापेक्ष रूपमा पूरा भयो । त्यो क्रान्ति बाहिरी रूपमा जतिसुकै बांगोटिंगो, रंगीचंगी देखिए पनि भित्री सारतत्वमा अठारौं शताब्दीदेखि युरोपबाट शुरु भएको 'स्वतन्त्रता, समानता, भ्रातृत्व' (लिबर्टी, इक्वालिटी, फ्राटरनिटी) को नारा सहितको प्रबोधन युगको सबभन्दा पछिल्लो कडी थियो । त्यस अर्थमा त्यो आफ्नै विशेषता सहित जन्मेको विश्वको सबभन्दा कान्छो लोकतान्त्रिक क्रान्ति पनि हो ।

*क्रमश: पृष्ठ–३...*

# विदेशमा रहेका श्रमिकबाट नियमित योगदान भएन, रणनीति बदल्दै सामाजिक सुरक्षा कोष

काठमाडौं/वैदेशिक रोजगारीमा रहेका लाखौं श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने सरकारी प्रयासले सूचीकरणमा सफलता पाए पनि योगदानको निरन्तरतामा भने ठूलो चुनौती सामना गरिरहेको छ । सामाजिक सुरक्षा कोषमा १८ लाख २८ हजारभन्दा बढी श्रमिक आबद्ध भए पनि नियमित योगदान गर्नेको संख्या करिब १ लाख मात्रै सीमित भएपछि कोषले अब नयाँ रणनीति अपनाएर अघि बढ्ने भएको छ ।




सरकारले ८ चैत २०७९ देखि वैदेशिक रोजगारीमा जाने तथा विदेशमा स्वरोजगारीमा रहेका नेपालीका लागि सामाजिक सुरक्षा योजना अनिवार्य गरेको थियो । यो व्यवस्था अनुसार नयाँ श्रम स्वीकृति लिने वा नवीकरण गर्ने हरेक श्रमिक कोषमा अनिवार्य सूचीकृत हुनुपर्छ । तर, एक पटक सूचीकृत भएपछि मासिक योगदान गर्नुपर्नेमा भने श्रमिकहरूको सहभागिता निराशाजनक देखिएको हो ।

२५ मंसिर २०७९ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारीमा रहेका व्यक्तिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि २०७९ जारी गरेको थियो । सोही कार्यविधिका आधारमा ८ चैतदेखि श्रम स्वीकृति लिने बेला नै अनिवार्य कोषमा आबद्ध हुनुपर्ने व्यवस्था गरिएको थियो । हालसम्म १८ लाख २८ हजार ८ सय ७५ श्रमिक आबद्ध छन् । तर, नियमित रूपमा कोषमा पैसा जम्मा गर्नेको संख्या भने १ लाख हाराहारी रहेको कोषले जनाएको छ ।

**किन चुक्यो निरन्तरता ?**

कोषका अधिकारीहरूका अनुसार योगदान नियमित नहुनुमा जनचेतना कमी र प्राविधिक पहुँच अभाव हुनु हो । सबैभन्दा ठूलो समस्या जनचेतनाकै रहेको कोषले औंल्याएको छ । 'कतिपय श्रमिकलाई विदेश जाँदा आफ्नो नाममा सामाजिक सुरक्षा कोषमा पैसा जम्मा भएको छ भन्ने पनि थाहा हुँदैन,' कोषका एक अधिकारीले भने, 'कोषमा जम्मा गर्दा भविष्यमा के-के फाइदा हुन्छ भन्नेबारे स्पष्ट जानकारी नहुँदा उनीहरूले नियमित योगदानमा चासो देखाउँदैनन् ।'

म्यानपावर कम्पनीमार्फत प्रक्रिया पूरा गर्ने कतिपय श्रमिकलाई यसबारे पर्याप्त जानकारी नै नदिई कोषमा आबद्ध गराइएको हुन सक्ने ती अधिकारीको भनाइ छ । कोषका प्रवक्ता कृष्ण अधिकारी प्राविधिक पहुँच अभावले गर्दा समेत यो समस्या देखिरहेको बताउँछन् । 'हाम्रा अधिकांश श्रमिकहरूसँग डिजिटल भुक्तानीका लागि आवश्यक पर्ने ग्याजेट (स्मार्टफोन) र इन्टरनेटको सहज पहुँच हुँदैन,' अधिकारीले भने, 'यसले गर्दा उनीहरूलाई विदेशबाट अनलाइन मार्फत पैसा पठाउन गाह्रो हुन्छ ।'

**अब परिवार मार्फत योगदान र डिजिटल पहुँचमा जोड**

योगदानको यो निराशाजनक अवस्था सुधार गर्न कोषले 'वैदेशिक रोजगारयुक्तताको नियमितताको वर्ष' का रूपमा अभियान अघि बढाउँदै आफ्नो रणनीति परिवर्तन गरेको छ । अब कोषले श्रमिकका परिवारसँग सोझै अन्तर्क्रिया बढाउने र उनीहरू मार्फत योगदान गराउनेमा जोड दिएको छ ।

प्रवक्ता अधिकारीका अनुसार श्रमिकले विदेशबाटै वा नेपालमा रहेका परिवार मार्फत पनि सजिलै पैसा जम्मा गर्न सक्ने व्यवस्था मिलाइएको छ । 'उनीहरूले उतैबाट पनि सक्छन्, यहाँ परिवारले पनि सक्छन् । हामीले रेमिट्यान्स कम्पनीहरूसँगको सहकार्य बढाएर र अनलाइन गेटवेहरूलाई थप सहज बनाएर योगदान प्रक्रियालाई सरल बनाइरहेका छौं,' उनले भने ।

यो नयाँ रणनीतिसँगै नियमित योगदान गर्नेको संख्या क्रमश: सुधार हुँदै गएको र हाल करिब ७ देखि ८ प्रतिशतले नियमित योगदान गरिरहेको कोषको भनाइ छ ।

**विदेशी सामाजिक सुरक्षासाग सहकार्य गर्न सक्ने**

श्रमिकको नियमितता कम भएपछि सरकारले विभिन्न खालका नीति अघि सार्दै आएको छ । हालै गरिएको 'योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४' को संशोधनले नेपालको सामाजिक सुरक्षा कोषलाई विदेशी सामाजिक सुरक्षा संस्थाहरूसँग सहकार्य गर्न सक्ने बाटो खोलिदिएको छ ।

यो परिवर्तनले विदेशमा काम गर्ने नेपालीले सम्बन्धित देशको सामाजिक सुरक्षा योजनामा सहभागी भई त्यसको सुविधा नेपालमै बसेर लिन सक्ने सम्भावनाको ढोका खोलेको हो । संशोधित ऐनले कोषलाई विदेशी मुलुकका सामाजिक सुरक्षा संस्थाहरूसँग सहकार्य गरी योगदान रकम संकलन गर्न र सुविधा उपलब्ध गराउन सक्ने अधिकार दिएको छ । यसअघि श्रमिकले नेपालको कोषमा एकतर्फी मात्र योगदान गर्न सक्ने व्यवस्था थियो ।

नयाँ व्यवस्था अनुसार विदेशका रोजगारदाताले सिधै नेपाली श्रमिकको तर्फबाट कोषमा योगदान जम्मा गर्न सक्नेछन्, जसले गर्दा श्रमिकलाई प्रक्रियागत झन्झट कम हुने कोषले जनाएको छ । यो परिवर्तित व्यवस्थाले कोषलाई 'एकपक्षीय' बाट 'द्विपक्षीय' बनाएको कोषको बुझाइ छ ।

**के छन् कोषका सुविधा ?**

नियमित योगदान गर्ने श्रमिकले कोषबाट विभिन्न सामाजिक सुरक्षा सुविधा प्राप्त गर्न सक्छन् । कोषका अनुसार दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, वृद्धावस्था सुरक्षा योजना रहेको छ । कामको सिलसिलामा हुने दुर्घटनाको उपचार खर्च र अशक्त भए निवृत्तिभरणको सुविधा दिइने कोषले जनाएको छ ।

त्यस्तै योगदानकर्ताको मृत्यु भए आश्रित परिवार (पति/पत्नी, छोराछोरी वा आमाबुबा) लाई पेन्सन, शैक्षिक वृत्ति र काजकिरिया खर्च उपलब्ध गराइने छ । वृद्धावस्था सुरक्षा योजना अन्तर्गत ६० वर्षको उमेर पूरा भएपछि योगदान र कोषको लगानीबाट प्राप्त प्रतिफल सहित रकम पेन्सन वा एकमुष्ट प्राप्त हुने सुविधा हुनेछ ।

दुर्घटना र अशक्तता सुरक्षा योजना अन्तर्गत दुर्घटना उपचार खर्च वार्षिक रूपमा १ लाख रुपैयाँसम्म पाइने छ । त्यस्तै अशक्तता पेन्सन अन्तर्गत नेपाल सरकारले तोकेको न्यूनतम आधार भूत पारिश्रमिकको ६० प्रतिशत पाइने छ । यसका लागि १२ महिनामा ९ महिनाको योगदान गरेको हुनुपर्ने छ ।

त्यस्तै आश्रित परिवार सुरक्षा योजना अन्तर्गत २५ हजार रुपैयाँ काजकिरिया खर्च, आश्रित श्रीमान/श्रीमती आजीवन पेन्सन (४० प्रतिशत), सन्ततिका लागि २१ वर्षसम्म शैक्षिक वृत्ति, फरक क्षमताका हकमा उमेरको हक नलाग्ने कोषले जनाएको छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजना अन्तर्गत योगदानकर्ता ६० वर्षमाथि पुगेपछि मासिक पेन्सन पाउने, अतिरिक्त जम्मा गरेको रकम नेपाल फर्किने बित्तिकै निकालन सकिने तथा पोर्टफोलियो लगानी समेत व्यवस्था रहेको कोषले जनाएको छ ।

कोषमा जम्मा हुने रकमका हकमा न्यूनतम पारिश्रमिकको ७.४८ प्रतिशत सामाजिक बीमा कोष र १३.८५ प्रतिशत व्यक्तिगत कोषमा जम्मा हुनेछ । सामाजिक बीमा कोष अन्तर्गत दुर्घटना, अशक्तता र आश्रित परिवार सुविधा हुनेछ भने व्यक्तिगत कोषतर्फ अवकाश बचत, पेन्सन हुने कोषले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# वैचारिक खडेरीको....

शुरुको चरणमा मूलत: 'स्वतन्त्रता'लाई प्रधानता दिने उदार वादी विचारधाराको जगमा टेकेर बीपी कोइरालाहरूले नेतृत्व गरेको नेपाली कांग्रेसले लोकतान्त्रिक क्रान्तिको बीजारोपण गर्‍यो । सन् १९६० मा राजा महेन्द्रको सैनिक 'कु' पछि मूलत: 'समानता' लाई प्रधानता दिने समाजवादी/साम्यवादी विचारधारा अँगालेको कम्युनिष्ट पार्टीका विभिन्न समूहले भिन्न-भिन्न ढंगले त्यो लोकतान्त्रिक क्रान्तिलाई अघि बढाउने प्रयत्न गरे ।

पछिल्लो चरणमा 'स्वतन्त्रता', 'समानता' र 'भ्रातृत्व' (अर्थात् वर्ग, जाति, क्षेत्र, लिंग, समुदाय लगायतको 'समावेशिता') लाई एकीकृत ढंगले ग्रहण गर्ने नयाँ भाष्यमा आधारित समाजवादी विचार धारा अँगालेको प्रचण्ड र हामी सहितको माओवादी पार्टीले ठूलो धक्कामूलक ढंगले लोकतान्त्रिक क्रान्तिलाई नयाँ उचाइमा पुर्‍यायो ।

अन्त्यमा ती सबै वैचारिक-राजनीतिक धारहरूको सहकार्यमा संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भयो । त्योसँगै नेपाल बाँकी विश्वसँग पदचाप मिलाउँदै चौथो औद्योगिक क्रान्तिले ल्याएका अवसर र चुनौतीको उपयोग र सामना गर्दै समृद्धि, उन्नत लोकतन्त्र र समाजवादको निर्माण र अभ्यास गर्ने नयाँ युगमा प्रवेश गर्‍यो । परन्तु यही युगीन परिवर्तनको दोसाँधमा नेपालका पुराना राजनीतिक शक्तिहरू गत एक दशकदेखि वैचारिक, राजनीतिक, आर्थिक, प्रशासनिक सबै हिसाबले गतिहीन र स्खलित भएर देशलाई चौतर्फी संकटको भुमरीमा फसाइरहेका छन् ।

मूलत: कांग्रेस, एमाले र माओवादीको मूल नेतृत्वले पालैपालो सत्ताको नेतृत्व गरेर आसेपासे पूँजीवाद (क्रोनी क्यापिटालिज्म) को अभ्यास गर्ने, भ्रष्टाचार र अनियमितताको पहाड खडा गर्ने, देशलाई अल्पविकास, बेरोजगारी, परनिर्भरताको दुश्चक्रमा फसाउने र देशको अधिकांश युवा जनशक्तिलाई विदेश पलायन हुन बाध्य पार्ने कुकार्य गरिरहेका छन् । अन्य कुराहरू अतिरिक्त यसको मूल कारण क्रान्तिकारी आन्दोलनबाट आएका तीनवटै पार्टीका प्रमुख नेतृत्व पंक्तिको तीव्र गतिको भ्रष्टीकरण र स्खलन, विश्व दृष्टिकोणमा आएको यथास्थितिवादी परिवर्तन, नयाँ युगको नयाँ कार्यभार वहन गर्ने दूरदृष्टि र क्षमताको अभाव र ती सबैको अन्तर्यमा आ-आफ्ना दलका वैचारिक-राजनीतिक कार्यदिशा समयानुकूल पुनर्संश्लेषण र विकासको पूरै अभाव नै हुन् ।

ती दलका महाधिवेशन, सम्मेलन, बैठकहरूमा पार्टीको विचारधारा, देशको अर्थ-राजनीति लगायत बहुआयामिक संरचनात्मक समस्या, बदलिंदो भू-राजनीतिका चुनौती र सम्भावना, सुशासन र सेवा प्रवाहको प्रत्याभूति लगायत राष्ट्रिय र सार्वजनिक महत्वका प्रश्नहरूमा गम्भीर बहस र निर्णय भएको कहिल्यै सुन्न पाइन्न । बरु राज्यसत्ताको दोहनको भागबण्डा, नेतृत्वको होडबाजी, गुटहरूको व्यवस्थापन नै प्रमुख एजेन्डा बनेका हुन्छन् ।

बीपीको देहावसान भएको चार दशक नाघिसक्दा र संसारमा यति धेरै दूरगामी महत्वका परिवर्तन भइसक्दा पनि नेपाली कांग्रेसको वैचारिक-राजनीतिक कार्यदिशामा के-कति विकास र परिमार्जन भयो, कसैले बुझ्न सक्दैन । केही नव-उदारवाद, केही सम्वर्धनवाद (कन्जरभेटिज्म), केही 'प्रजातान्त्रिक' (मानौं 'लोकतन्त्र' आएकै छैन !) समाजवाद, केही पपुलिज्मको ककटेललाई के भन्ने ?

मदन भण्डारी संसारबाट विदा भएको तीन दशकपछि र विश्वका अधिकांश एकदलीय वा बहुदलीय कम्युनिष्ट सत्ता/सरकार धरासायी भइसक्दा पनि एमालेको नेतृत्वले 'जबज' को एकोहोरो राग अलाप्नु बाहेक आफ्नो वैचारिक-राजनीतिक कार्यदिशा, नीति र कार्यक्रममा कुनै उल्लेख्य सुधार र विकास गरेको कहींकतै दृष्टिगोचर हुन्न । यस्तो कहिलेसम्म ?

माओले संसार छाडेको पाँच दशक बितिसकेको, सशस्त्र संघर्षबाट शान्तिपूर्ण अभियानमा जोडिएको तीन दशक पुगिसकेको र चौथो औद्योगिक क्रान्तिले विश्वमा अकल्पनीय परिवर्तन ल्याएको अवस्थामा पनि प्रचण्ड नेतृत्वको माओवादीले आफ्नो मार्गनिर्देशक सिद्धान्त, राजनीतिक कार्यदिशा लगायतमा कुनै पुनर्संश्लेषण वा विकास गर्न नसक्नु वा नचाहनु अर्को उदेकलाग्दो कुरा छ । उही युद्धकालीन पुराना कुराहरू भट्याएर र दशौं हजार शहीद तथा बेपत्ताजनका परिवार र घाइते योद्धाहरूको भावनात्मक दोहन गरेर कहिलेसम्म सत्ताको खेलमा च्याँखे थापिराख्ने ?

**पपुलिज्म र हिरोइज्मको उदय**

देशमा पुराना राजनीतिक दल र नेतृत्वप्रति आम जनता र विशेषत: 'जेन-जी' भनिने नयाँ डिजिटल प्रविधि पोख्त युवाहरूको वितृष्णा र आक्रोश चुलिंदै जानु स्वाभाविक छ । खासगरी देशभित्र यथेष्ट आयमूलक रोजगारी र जीवनोपयोगी शिक्षा नपाएर संसारका डेढसय बढी देशमा भौंतारिन बाध्य पारिएका दशौं लाख युवाहरूको जायज असन्तुष्टिलाई कसैले पनि न्यूनीकरण गर्न मिल्दैन ।

त्यसरी नै कुनै दलको नेता वा कार्यकर्ताको फेर नसमाती वा बिचौलिया र कर्मचारीलाई घुस नखुवाई सामान्य सार्वजनिक सेवा पनि प्राप्त गर्न नसक्ने आम नागरिकले रिस पोख्नु वा नयाँ विकल्प खोज्नु अन्यथा हुँदैन । त्यसैले केही समययता संघ, प्रदेश र स्थानीय तहको चुनावमा र सडकमा पुराना शक्तिहरूप्रति जनआक्रोश बढेको र नयाँ वैकल्पिक शक्ति र व्यक्तिहरूप्रति जनआकर्षण बढ्दै गएको स्पष्ट देख्न सकिन्छ । स्वस्थ लोकतन्त्रको निम्ति यो सकारात्मक र स्वागतयोग्य कुरा हो । निष्काम बनिसकेको पुरानोको विनिर्माण गरेर नयाँको निर्माण गर्न पनि यो प्रक्रिया ऐतिहासिक रूपले आवश्यक र अनिवार्य हुन्छ ।

परन्तु नेपालमा र विश्वका विभिन्न देशहरूमा नयाँ र वैकल्पिक शक्तिको रूपमा उदाएका दल र नेतृत्वको प्रवृत्ति ज्यादातर पपुलिज्म र हिरोइज्मतिर उद्यत भइरहेको देखिनु चिन्ताजनक छ । आफ्नो देश र समाजका बहुआयामिक संरचनात्मक समस्याहरूलाई वस्तुनिष्ठ, वैज्ञानिक र अग्रगामी ढंगले पहिचान र हल गर्नु सट्टा आम जनताको असन्तुष्टि र आवेगात्मक आक्रोशलाई केही सांकेतिक मुद्दाहरूमा केन्द्रित गरेर शक्ति आर्जन गर्नु र वास्तविक समस्याको दिगो समाधान नगर्नु पपुलिज्म वा लोकप्रियतावादको चारित्रिक विशेषता हो ।

एक युग वा ऐतिहासिक चरणबाट अर्को युग वा ऐतिहासिक चरणमा संक्रमणको बेला यस्तो प्रवृत्तिले टाउको उठाउने गर्छ । पपुलिज्म अक्सर राष्ट्रवाद, धार्मिक आस्था, आर्थिक संकट, भ्रष्टाचार आदि लोकप्रिय मुद्दाहरूको आड लिएर आउने गर्छ । अमेरिका, रूस, ब्राजिल, अर्जेन्टिना, फिलिपिन्स, भारत आदि देशको पपुलिस्ट प्रवृत्तिहरू विश्व इतिहासमा विशेष उल्लेखनीय र चर्चित छन् । आफ्नो छुट्टै र दिगो आर्थिक-सामाजिक आधार नभएका चलायमान वा चलनचल्तीको भाषामा 'भुइँफुट्टा' समूह पपुलिज्मको मुख्य आधारशिला भएको मानिन्छ ।

पछिल्लो डिजिटल प्रविधि र सामाजिक सञ्जालको लतमा परेको समूहले पनि विभिन्न देशमा पपुलिज्मलाई बल दिएको विश्लेषण गरिन्छ । ('पपुलिज्म', अ डिक्सनरी अफ मार्क्सिस्ट थट : 'पपुलिज्म' विकीपिडिया)

त्यसरी नै कुनै व्यक्तिविशेषलाई अलौकिक र रहस्यमय पात्रको रूपमा प्रस्तुत गरेर जनअसन्तोष भजाउने र शक्ति आर्जन गर्ने 'हिरोइज्म' (महानायकवादी) प्रवृत्ति पनि प्रकारान्तरमा सामाजिक अग्रगमनको निम्ति हानिकारक हुनसक्छ । क्षमतावान, दूरदर्शी, इमानदार, क्रियाशील र लोकप्रिय नेतृत्व कुनै पनि अभियान, आन्दोलन वा दलको निम्ति आवश्यक र महत्वपूर्ण हुन्छ । परन्तु नेतृत्वलाई सामूहिकताको केन्द्रीकृत अभिव्यक्तिका रूपमा भन्दा अलौकिक, सर्वशक्तिमान, निजी 'हिरो' को रूपमा स्थापित गरियो भने त्यो अवैज्ञानिक र हानिकारक दुवै हुन्छ ।

नेपालमा उदीयमान नयाँ र वैकल्पिक राजनीतिक शक्तिहरूले बेलैमा आफूलाई पपुलिज्म र हिरोइज्मको प्रवृत्तिबाट ग्रसित हुन नदिन सतर्क हुनैपर्छ ।

खासगरी भीड जुटाउने वा चुनाव जित्ने नाउँमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र, समाजवाद जस्ता आधार भूत मुद्दाहरू (कोर इस्यू) मा अडान स्पष्ट नगरी सन्ध्या भाषामा कुरा गर्दा क्षणिक रूपमा प्रतिगामी र ढुलमुल शक्तिहरूको भोट वा साथसहयोग त मिल्न सक्छ तर त्यसले अन्तत: देश र जनताको हितमा प्रतिकूल असर पार्न सक्छ । नयाँ र वैकल्पिक राजनीतिक शक्तिलाई पुरानै यथास्थितिवादी वा प्रतिगामी शक्तिमा भ्रष्टीकरण र प्रदूषित गरिदिन सक्छ ।

**खाँचो विचारसहित विकल्पको**

संसारमा र नेपालमा 'विचारको अन्त्य' भएको होइन, पुराना विचारहरूको मात्र अन्त्य भएको हो । विचारको अन्त्य वा मृत्यु भइसकेपछि, स्वत: त्यो विचारधारी शक्ति वा दलको पनि मृत्यु हुन्छ । जसरी प्राण विनाको शरीर हुन्न, त्यसरी नै विचार विनाको राजनीतिक दल हुँदैन । राजनीतिक दल भनेको नै निश्चित देश (स्पेस) र काल (टाइम) का समस्या वा अन्तरविरोधहरू हल गर्ने र समाज तथा राज्यलाई दिशाबोध गर्ने विचारको संगठित अभिव्यक्ति हो । त्यसैले सुस्पष्ट अग्रगामी विचारसहितको वैकल्पिक राजनीतिक शक्ति निर्माण वर्तमान युग र नेपालको अपरिहार्य आवश्यकता हो । नयाँ युगको निम्ति नयाँ विचारको कुरा गर्दा हामीले दुई तहमा सोच्न आवश्यक छ ।

*(साभार: अनलाइनखबर)*

# कलाकारको समय नमिल्दा 'डबल ट्रिपल'को छायांकन सर्‍यो




काठमाडौं/निर्देशक अशोक शर्माले गत फागुनमा आफ्नो नयाँ फिल्म 'डबल ट्रिपल'को निर्माण घोषणा गर्दै यस वर्षको दशैंको फूलपातीलाई प्रदर्शन मिति तय गरेका थिए । तर, फूलपातीमा अरू तीन फिल्म पनि आउने भएपछि उनले उक्त मिति छाड्दै फागुन १ गतेलाई नयाँ प्रदर्शन मिति घोषणा गरे । अब यो मितिबाट पनि फिल्म पछि हट्ने भएको छ । किनकि, फिल्मको छायांकन धकेलिएको छ ।

निर्देशक शर्मा भदौ ५ गतेबाट छायांकन सुरु गर्ने तयारीमा थिए । त्यसका लागि फिल्मका मुख्य अभिनेता दयाहाङ राई पनि तयार थिए । तर, उक्त मितिमा अर्का अभिनेता खगेन्द्र लामिछानेको समय नमिल्ने भएको छ । किनकि, यतिबेला उनी 'क्याप्टेन साब'को छायांकनमा व्यस्त छन् । यो फिल्म सकिन अझै २०-२५ दिन लाग्ने भएपछि 'डबल ट्रिपल'को छायांकन माघअघि नहुने भएको छ ।

खगेन्द्रले 'क्याप्टेन साब'को छायांकन सकाउँदासम्म दयाहाङ आफ्नो नयाँ फिल्म 'कबड्डी ५'को छायांकनमा जाने बेला भइसकेको हुनेछ । यसपछि उनले 'मितज्यू' र 'पेन्सनपट्टा'मा काम गर्नेछन् । यसैले दयाहाङले माघअघि 'डबल ट्रिपल'मा काम गर्न नभ्याउने जानकारी निर्देशक शर्मालाई गराइसकेको बताइन्छ । माघतिर छायांकन हुने भएपछि फागुन १ गते फिल्म प्रदर्शन हुने कुरै भएन ।

फिल्मको छायांकन नहुँदै प्रदर्शन मिति घोषणा गर्ने हतारोले निर्देशक शर्मा पटक-पटक रिलिज सार्न बाध्य भइरहेका छन् । त्यसो त नेपाली फिल्म क्षेत्रको यो नियति नै बनिसक्यो ।

प्राय: फिल्मको स्क्रिप्ट तयार नहुँदै प्रदर्शन मिति घोषणा गरिन्छ । जब फिल्मको काम समयमा सकिँदैन, तब बिरालोले बच्चा सारेझैं प्रदर्शन मिति सारिन्छ । अब 'डबल ट्रिपल' सरेर कहाँ पुग्छ, त्यो हेर्न बाँकी छ ।

# 'प्रेमगीत ३'पछि गुमनाम क्रिस्टिना बुटिक व्यवसायमा




काठमाडौं/भनिन्छ, फिल्म सफल भएपछि त्यसमा अभिनय गर्ने कलाकारको करिअर चम्किन्छ । तर, अभिनेत्री क्रिस्टिना गुरुङको हकमा भने फरक रह्यो । उनको डेब्यु नै हिट फिल्म 'प्रेमगीत ३'बाट भएको थियो । यसमा उनको अभिनयको आलोचना भए पनि फिल्मको सफलताले गर्दा उनलाई मेकरहरूले खोज्न थालेका थिए । तर, जसै फिल्म हलमा रिलिज भयो, उनी एकाएक गुमनामजस्तै भइन् ।

'प्रेमगीत ३'पछि प्रस्ताव आएका थुप्रै फिल्म अस्वीकार गरेकी उनले अब व्यवसायमा हातमा हालेकी छन् । उनले 'अमोरा नेपाल' नामक बुटिक व्यवसाय सुरु गरेकी हुन् । महाराजगञ्जस्थित नारायणगोपाल चोकमा कृष्ण जन्माष्टमीको दिन पारेर शनिबारबाट सञ्चालनमा आएको उक्त कपडा पसलमा महिलाका लागि विभिन्न डिजाइन र रंगका आकर्षक कुर्तादेखि साडीसम्म उपलब्ध छन् ।

क्रिस्टिनाले सामाजिक सञ्जालमार्फत आफूले सुरु गरेको व्यवसायलाई अर्थपूर्ण कुराको सुरुवात भनेकी छन् । उनले लेखेकी छन्, 'कृष्ण जन्माष्टमी मेरो जीवनमा सधैं विशेष रहँदै आएको छ । र, यस वर्ष यो अझ अर्थपूर्ण कुराको सुरुवात हो । कृष्ण जन्माष्टमीको शुभदिन पारेर यो नयाँ यात्रा सुरु भयो । सबैलाई स्वागत छ ।' उनको उक्त पोस्टमा प्रशंसकहरूबाट बधाईको ओइरो लागेको छ ।

क्रिस्टिना 'प्रेमगीत ३'मा अडिसनबाट छनोट भएकी थिइन् । अञ्जली अधिकारी जस्ता स्थापित मोडल समेत अडिसनमा सहभागी थिए । तर, बाजी क्रिस्टिनाले मारिन् । फिल्म रिलिज हुँदासम्म राम्रै चर्चामा रहेकी उनले २ वर्षयता 'लाइमलाइट'बाट परको जीवन बाँचिरहेकी छन् । अब व्यवसाय सुरु गरेकी उनी फिल्ममा फर्किन्छिन् वा फर्किन्नन्, त्यो दर्शकका लागि चासोको विषय बनेको छ ।

# 'मोहर' ले दशौं दिन आइतबार अपराह्नसम्म कति कमायो ?

काठमाडौं/पल शाह स्टारर फिल्म 'मोहर' ले सिनेपा: बक्स अफिसमा सुखद कमाइलाई निरन्तरता दिइरहेको छ ।

प्रदर्शनको १० दिन आइतबार अपराह्न ४ बजेर १५ मिनेटसम्म यो फिल्मको कूल कलेक्सन ३ करोड ७ लाख रुपैयाँ ग्रस छ ।

फिल्मको कमाइमा दोस्रो सप्ताहन्तको हिसाब पनि सामेल छ । फिल्मको बजेट १ करोड ८६ लाख रुपैयाँ बताइएको छ । यसो हो भने, लगानी उठाउन हलबाट मात्र फिल्मले ४ करोड हाराहारीमा कमाउनुपर्छ । अरु विन्डोबाट भने फिल्मले लगानी सुरक्षित गरेको जनाइएको छ ।

विहिबारदेखि प्रदर्शनमा आएका दुई भारतीय फिल्म 'वार २' र 'कुली'ले पनि 'मोहर'लाई खासै असर नपारेको देखिएको छ । फिल्मको दोस्रो सप्ताहन्तको कमाइ आकर्षक नै मान्नुपर्छ । यो कमाइले पल शाह, नीति शाह र बेनिशा हमाललाई राहत दिएको छ । निर्देशक ओम प्रतीकको कमब्याक सशक्त देखिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## वर्तमान गणतान्त्रिक व्यवस्था गरिब जनताको हितमा स्थापित: मुख्यमन्त्री बानियाँ

# ‘विगतमा झैं ०८४ मा पनि पार्टीलाई पहिलो पार्टी बनाउने’

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्र बहादुर बानियाँले वर्तमान गणतान्त्रिक व्यवस्था गरिब जनताको हितका लागि स्थापित भएको बताएका छन् ।



मकवानपुरको थाहा नगरपालिकामा आयोजित ऐतिहासिक घैंटोफोर जात्रालाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले गणतन्त्रले प्राचीन संस्कृति र परम्परालाई संरक्षण गर्दै मौलिक पर्वहरु जगेर्नामा प्रदेश सरकार सक्रिय भूमिकामा रहेको बताए । ‘भगवान कृष्ण जेलमा जन्मेर, सामान्य ग्वालाको जीवन बिताउँदै आफ्नै शक्तिशाली मामा राजा कंशविरुद्ध लडेर जनतालाई मुक्ति दिलाउनुभयो,’ मुख्यमन्त्री बानियाँले भने, ‘त्यसैले मेरो बुझाइमा कृष्ण भगवान् एक गणतन्त्रवादी र गरिब जनताको प्रतिनिधि हुनुहुन्थ्यो ।

अहिलेको गणतन्त्र पनि उहाँकै व्यवस्था हो । यो गरिबको व्यवस्था हो । कसैले गणतन्त्रबारे गलत व्याख्या गरिरहेको छ भने त्यो केवल गणतन्त्र र गरिबको व्यवस्था मन नपराउनेहरुले मात्र हो ।’ मुख्यमन्त्री बानियाँले थाहा नगरको समग्र विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । थाहा नगरको पर्यटन र पूर्वाधार विकासमा सरकारले विशेष जोड दिने उनले प्रतिबद्धता व्यक्त गरे । थाहा नगरको पर्यटन प्रवर्द्धनका लागि चित्लाङ-गणेशमान मार्ग र कलंकी-कुन्छाल सडक स्तरोन्नति भइरहेको उनको भनाई छ । रुपचन्द्र विष्टले निर्माण गरेको ‘विकास घर’को संरक्षण र पुनर्निर्माणका लागि आवश्यक बजेट प्रदेश सरकारले व्यवस्था गर्ने मुख्यमन्त्री बानियाँले बताए ।

उनले प्रदेश सरकारले तामाङ र नेवार भाषालाई प्राथमिकतामा राखेर अग्राधिकार दिइसकेको बताए । ‘धर्मको नाममा, जातको नाममा वा भाषाको कुरा गरेर राजनीति गर्नु हुँदैन । विगतमा कसैले धर्म त कसैले जातको नाममा भ्रम सिर्जना गरे । तर, अब त्यसो गर्नु उपयुक्त हुँदैन,’ उनले भने, ‘भाषा कुनै एक जातिको मात्र नभएर सबैका लागि ज्ञानको स्रोत हो । तामाङ भाषाको ज्ञान क्षेत्री, बाहुन, दलित सबैले लिन सक्छन् । यो ज्ञान हो, यसले सबैलाई जोड्छ । भाषा ऐन कार्यान्वयनको निर्णय कुनै जातले गरेको होइन । यो राजनीतिकरुपमा मेरो नेतृत्वको सरकारले गरेको हो ।’

मुख्यमन्त्री बानियाँले भाषा, धर्म र संस्कृतिको नाममा राजनीति गर्न नहुने बताएका छन् । उनले यस्ता संवेदनशील विषयलाई राजनीतिक लाभहानिको माध्यम बनाउँदा समाजमा विभाजन आउने खतरा रहेको औँल्याए । धर्मको वास्तविक अर्थ मानवताको सेवा भएको बताउँदै उनले धर्म मानवता र न्यायको पक्षमा उभिनु पर्ने बताए । भाषा, संस्कृति र परम्पराको संरक्षण, जगेर्ना र प्रवर्द्धन गर्नु सरकारको दायित्व भएको उल्लेख गर्दै उनले बागमती सरकारले त्यसका लागि आवश्यक कदम चालिरहेको जानकारी दिए ।

**एकढिक्का भएर संगठन निर्माणमा लाग्नु: मुख्यमन्त्री बानियाँ**

त्यसैगरी आइतबार नै कांग्रेस थाहा नगरपालिका र मकवानपुर संघीय क्षेत्र नम्बर २ ‘क’ को संयुक्त आयोजनामा भएको कार्यक्रममा मुख्यमन्त्री बानियाँले कांग्रेसभित्र कुनै गुटउपगुट नभएको बताएका छन् । गाउँ र टोलमा विकास निर्माणका कार्य गर्दै संगठन निर्माणमा लाग्न उनले निर्देशन दिए । मुख्यमन्त्री बानियाँले बागमती प्रदेशमा विकास निर्माण, जनतालाई देखिने गरी सरकारी सेवामा छिटो तथा सहज पहुँच पुऱ्याएर विगतमा झैं ८४ सालमा पनि पार्टीलाई पहिलो पार्टी बनाउने बताए ।

कांग्रेस बागमती प्रदेश सभापतिसमेत रहेका मुख्यमन्त्री बानियाँले आफूले जनताको करबाट उठेको पैसाले पाउने सेवासुविधाबाट आफ्नो निर्वाचन क्षेत्रमा रहेका गरिव विपन्न परिवारलाई दशैं अगावै आवास बनाउने प्रतिबद्धता गर्दै बागमती प्रदेश सरकारले जनताले प्रत्यक्षरुपमा अनुभव र देखिनेगरी सेवा दिने कार्य गर्ने बताए । गणतन्त्रभित्र सबै विचार र ब्यवस्थालाई मिलाएर लैजानुपर्ने भएकाले गफले हैन काम गरेर देखाउनुपर्ने अवस्था रहेकाले मुख्यमन्त्री बानियाँले अब जनप्रतिनिधिले पार्टीसँग समन्वय गरेर आमजनताको समस्या समाधानका साथै स्थानीय आवश्यक्ता हेरेर विकास निर्माणमा लाग्नुपर्ने बताए ।

कांग्रेस थाहानगर सभापति प्रमोद जोशीको सभाध्यक्षतामा भएको स्वागत तथा सम्मान कार्यक्रममा कांग्रेस थाहानगरका पदाधिकारी, सदस्य तथा क्रियाशीलहरुको उपस्थिति थियो ।

## विद्युत प्राधिकरणको नाफा घट्यो:

# हितेन्द्रदेव भन्छन्- विद्युत बिक्रीमा कमी आयो



साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/नेपाल विद्युत प्राधिकरणले नाफा घटाएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०८१/८२ मा प्राधिकरणको नाफामा गिरावट आएको हो ।

प्राधिकरणका अनुसार आ.व. २०८१/८२ मा नाफा ९ अर्ब ६ करोड ७० लाख भएको छ । २०८०/८१ को तुलनामा ३७.३२ प्रतिशतले कम हो । २०८०/८१ मा १० अर्ब ५३ करोड नाफा कमाएको थियो । खासगरी कुलमान घिसिङले विद्युत प्राधिकरणको नेतृत्व सम्हाले यता प्राधिकरणले नाफा बनाइरहेको थियो । तर, कुलमानलाई सरकारले बर्खास्त गरेसँगै नाफामा ओरालो लागेको तथ्यले देखाएको छ । प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले गत वर्षको तुलनामा विदेशी मुद्रा जापानी येनमा भएको अधिमूल्यनदेखि प्रशासनिक खर्च वृद्धि एवम् औषत विद्युत विक्रीमूल्यमा कमी आएका कारणले नाफामा कमी देखिएको बताएका छन् ।

अहिले नाफामा कमी आएपनि आगामी वर्षमा वृद्धि हुने उनको दाबी छ । ‘विद्युत विक्री बाहेक अन्य स्रोतबाट आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा कुल आम्दानी १ खर्ब ३८ अर्ब ८७ करोड रहेको थियो । सञ्चालन खर्च ब्याज खर्च लगायत सम्पूर्ण खर्चसहित आ.व. २०८१/८२ मा प्राधिकरणको कुलखर्च १ खर्ब २९ अर्ब ८१ करोड रहेको थियो । आ.व. २०८१/८२ मा नाफा ९ अर्ब ६ करोड ७० लाख हुन आएको छ । २०८०/८१ को तुलनामा ३७.३२ प्रतिशतले कम हो’ कार्यकारी निर्देशक शाक्यले भने, ‘गतवर्षको तुलनामा विदेशी मुद्रा जापानी येनमा भएको अधिमूल्यन आदि कारणले अडाइ अर्ब नोक्सान भएको छ ।

डेडिकेटेड तथा नेपाल सरकारसँग बाँकी रहेको बक्यौताको प्रोभिजनिङ गरेवापत साढे ५ अर्ब नोक्सानी भएको छ । प्रशासनिक खर्च वृद्धि एवम् औषत विद्युत विक्रीमूल्यमा कमी आएका कारणले नाफामा केही कमी भएको छ । तर, जुन आगामी वर्षमा वृद्धि हुने देखिन्छ ।’ उनका अनुसार आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा राष्ट्रिय विद्युत प्रणालीमा जडित कुल विद्युत जडित क्षमता ३५९१ पुगेको छ । आव २०८१/८२ मा राष्ट्रिय प्रणालीमा १५ हजार ६ सय ४१ गिगावाट घण्टा विद्युत उपलब्ध भएको थियो । जसमा प्राधिकरण तथा सहायक कम्पनीको योगदान ३४ प्रतिशत रहेको थियो ।

स्वतन्त्र विद्युत उत्पादकहरुको योगदान ५५ प्रतिशत रहेको थियो भने ११ प्रतिशत विद्युत भारतबाट आयात गरिएको थियो । प्राधिकरणकाअनुसार नेपालको आन्तरीक विद्युतखपत अघिल्लो आर्थिक वर्षको तुलनामा १०.७ प्रतिशतले वृद्धि भई ११ हजार ३ सय १९ गिगावाट घण्टा पुगेको थियो । आर्थिक वर्ष २०८१/८२ मा अघिल्लो आवको तुलनामा ४.६ प्रतिशतले वृद्धि भई ५७ करोड १ लाख पुगेको छ । राष्ट्रिय ग्रेड पहुँच करिव ९८ प्रतिशत पुगेको छ भने विद्युत चुहावटमा ०.४७ प्रतिशत कमी आएको छ ।

प्राधिकरणको कुल सम्पती २०८१/८२ मा ६ खर्ब ८४ अर्ब ९१ करोड पुगेको छ । आर्थिक वर्षको २०८१/८२ मा प्राधिकरणको प्रणालीमा कुल ४३४ मेगावट विद्युत उत्पादन क्षमता थप भएको छ । जसमा प्राधिकरण अन्तर्गतका कम्पनीका साहयक कम्पनीको योगदान १५३.५ मेगावाट छ भने २९०.५ मेगावट छ । केहीवर्ष अघिदेखि नेपाल विद्युत प्राधिकरणले सर्वसाधारणका लागि आइपीओ जारी गर्ने विषयमा बहस भइरहेको छ ।

# ‘वैकल्पिक रोजगारीको अवसर पाए पेशा परिवर्तनका लागि तयार’



साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/महिला यौन श्रमिक्ले वैकल्पिक रोजगारीको अवसर पाए पेशा परिवर्तनका लागि आफूहरु तयार रहेको बताएका छन् ।

आफूलाई नागरिक भन्दा तलको दर्जामा राखिएको भन्दै उनीहरुले सम्मानजनक जीवन बाँच्न पाउने अधिकार सुनिश्चित गर्न माग गरेका हुन् । महिला कानुन र विकास मञ्चको आयोजनामा हेटौंडामा आयोजित यौन श्रममा संलग्न व्यक्तिहरुको अधिकारको सम्बन्धी छलफल कार्यक्रममा सहभागी यौनकर्मीहरुले बाध्यताले यौन पेशामा आएको बताएका थिए । उनीहरुले शिक्षा र रोजगारीको अवसर नपाउँदा यस पेशामा निरन्तर रहन बाध्य भएको गुनासो गरेका थिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-४ का वडाध्यक्ष नवीन सिग्देलले यौन श्रमलाई प्रवर्द्धन गर्ने वा निरुत्साहित गर्ने भन्ने विषयमा बहस आवश्यक रहेको बताएका छन् । नेपाली समाजले परम्परालाई कानुनभन्दा माथि राख्ने प्रवृत्ति भएकाले यौन पेशालाई सहजरुपमा स्वीकार्न नसक्ने धारणा राखे । अधिवक्ता युवराज वलीले राज्यबाट यौन पेशालाई निरुत्साहित गरिँदै आए पनि हाल करिब १ लाखको हाराहारीमा यौनकर्मी रहेको भन्दै चिन्ता व्यक्त गरे । ‘तथ्यांकअनुसार शिक्षकजत्तिकै यौनकर्मी छन्, यो हर होइन, आर्थिक बाध्यता हो,’ वलीले भने ।

यौन श्रमिकको सन्तानलाई जन्मदर्ता र नागरिकता बनाउन गाह्रो हुने समस्या समाधान गर्न राज्य जिम्मेवार हुनुपर्ने उनको भनाइ थियो । उच्च अदालतका अधिकृत पवन ढकालले संघीय, प्रदेश र स्थानीय सरकारले वैकल्पिक जीविकोपार्जनका अवसर सिर्जना गर्नुपर्नेमा जोड दिए । उनले यौन पेशालाई प्रवर्द्धन गर्न कानूनी र सामाजिक अवरोध रहेको उल्लेख गरे । महिलामुक्ति संघ मकवानपुरकी महासचिव सुस्मिता आलेमगरले २०६३ सालदेखि यौन श्रमिकका हक अधिकारका लागि कार्यक्रम सञ्चालन गर्दै आएको बताइन् ।

उनले संघमा करिब चार पाँच सय यौन श्रमिक महिला आबद्ध भएको बताउँदै समाजले अभद्र शब्द प्रयोग गरेर आत्मसम्मानमा चोट पुऱ्याउने गरेको गुनासो गरिन् । ‘सामान्य सफाइको जागिर माग्दा पनि विभिन्न बहाना बनाइन्छ, राजनीतिक पहुँचबिना रोजगारी पाउन कठिन छ,’ उनले भनिन् । कार्यक्रममा कानूनकी विद्यार्थी दिद्धिक्षा सिंहले यौन पेशामा संलग्न व्यक्तिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको बारेमा प्रस्तुतिकरण राखेकी थिइन् ।

राष्ट्रिय यौनरोग नियन्त्रण केन्द्रको २०२४ को अध्ययन अनुसार नेपालमा ८६ हजार ८ सय ९ जना यौनकर्मी रहेका छन् । तीमध्ये १३ हजारभन्दा बढी एचआईभी संक्रमित छन् । सर्वाधिक महिला यौनकर्मी काठमाडौंमा ९ हजार सात ८९ देखि ११ हजार ६ सय ७० को हाराहारीमा रहेका छन् भने भक्तपुर, ललितपुर र कास्की क्रमश: दोस्रो, तेस्रो र चौथो स्थानमा रहेका छन् ।

कार्यक्रममा महिला कानुन र विकास मञ्चकी मकवानपुर जिल्ला संयोजक अधिवक्ता ललिता श्रेष्ठ, अधिवक्ता नवीनकुमार श्रेष्ठ, हेटौंडा उपमहानगरपालिका न्यायिक समितिका कानूनअधिकृत सुजन तिमल्सिना, माइती नेपालका प्रतिनिधि, प्रहरी, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

## दुर्घटना बीमा कार्यक्रम सुरु

# सदस्यको १० लाख र चालक र सहचालकको ५/५ लाख रुपैयाँको बीमा

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ नारायणी यातायात व्यवसायी संघले आफ्ना सदस्यहरुको हितलाई ध्यानमा राख्दै दुर्घटना बीमा कार्यक्रम सुरु गरेको छ ।

आइतबार एक कार्यक्रमका बीच संघले सवारी धनी, चालक र सहचालकको दुर्घटना बीमा कार्यक्रमको सुभारम्भ गरेको हो । नारायणी यातायात व्यवसायी संघमा आबद्ध व्यवसायी सदस्यहरुको लागि १० लाख रुपैयाँ बराबरको बीमा गरिएको छ भने चालक र सहचालकको लागि पाँच/पाँच लाख रुपैयाँको बीमा गरिएको संघका महासचिव सरोज खनालले जानकारी दिएका छन् ।

संघका अध्यक्ष हीरालाल श्रेष्ठले ८ सय २४ जना व्यवसायी सदस्यको बीमा प्रिमियम बापतको १ लाख ७९ हजार रुपैयाँको चेक सगरमाथा लुम्बिनी इन्सुरेन्स प्रा.लि सलिकोका क्षेत्रीय प्रबन्धक मछेन्द्र बोगटीलाई हस्तान्तरण गरे । त्यसैगरी, क्षेत्रीय प्रबन्धक बोगटीले अध्यक्ष श्रेष्ठलाई बीमालेख प्रदान गरे । व्यवसायीलाई आर्थिक भार कम होस्



भन्ने उद्देश्यले यो बीमा कार्यक्रम ल्याइएको अध्यक्ष श्रेष्ठले बताएका छन् ।

निवर्तमान अध्यक्ष बद्रीप्रसाद चौलागाईले संघमा आबद्ध सबै व्यवसायीको बीमा गरिने जानकारी दिए । पहिलो वर्षको लागि बीमाको प्रिमियम रकम नारायणी यातायात व्यवसायी संघले नै तिरि दिने र आगामी वर्षबाट भने बीमित स्वयम्ले तिर्नुपर्ने बताइएको छ । सवारीधनीको हकमा वार्षिक तीनसय १० रुपैयाँ र चालक तथा सहचालकको हकमा वार्षिक १ सय ५५ रुपैयाँ प्रिमियम शुल्क लाग्नेछ ।

बीमा कार्यक्रमअन्तर्गत सवारीधनी, चालक र सहचालक गरी करिब १५ हजार जनाको बीमा गरिने लक्ष्य राखिएको छ । सलिकोका क्षेत्रीय प्रबन्धक बोगटीले यो बीमा कार्यक्रम जुनसुकै दुर्घटनामा पनि समावेश हुने जानकारी दिए ।

# सिस्नुपानी मकवानपुरले ४ गते विशेष हास्यव्यंग्य कार्यक्रम गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ सिस्नुपानी नेपाल मकवानपुरले हरेकवर्ष गर्दै आइरहेको गाईजात्रा विशेष हास्यव्यंग्य कार्यक्रम भदौ ४ गते गर्न लागेको छ ।

हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको प्रवर्द्धनमा हुने कार्यक्रम ओम्याक्स सिनेमा हलमा आयोजना गरिने संस्थाका अध्यक्ष संप्रस पौडेलले जानकारी दिए । उनका अनुसार १ दर्जन बढी कलाकारमार्फत् विविध हास्यव्यंग्यात्मक प्रस्तुति रहने छन् ।

कार्यक्रममा प्यारोडी गायन, व्यंग्य प्रहसन, नाचलगायत विविध हास्यव्यंग्य प्रस्तुति रहने संस्थाका सचिव सुमार्गी हुमागाईंले बताए । यस्तै प्रवर्द्धक वडाका वडाअध्यक्ष नवीन सिग्देलले हास्यव्यंग्य सिर्जनाले कमजोरीलाई सुधार्नका लागि प्रेरणा मिल्ने र जनताको आवाजलाई व्यंग्यका साथसाथै रमाइलो अनि ठट्यौली शैलीमा मुखरित गर्ने हुँदा अघिल्ला वर्षमा खचाखच दर्शकबीच भव्य कार्यक्रम भएकोले यस कार्यक्रममा अझ बढी चर्चा पाउने अपेक्षा रहेको बताए ।

प्रवेश पासका लागि सिस्नुपानी संस्थाका साथसाथै वडा कार्यालयमा सम्पर्क गर्न सकिने उनले जानकारी दिएका छन् । साहित्यको उन्नयनमा होस्टेमा हैंसे गर्दा समग्र हेटौंडाकै र नेपालको साहित्यमाथि नै लगानी हुने र त्यसले साहित्यिक क्षेत्रमा ठुलो टेवा पुगेको उनले बताए । विगतदेखि नै सिस्नुपानी लगायत अन्य संस्थामार्फत् साहित्यलेखन कार्यशाला, रचनावाचन, प्रतियोगिता, साहित्यकार तथा कलाकार सम्मान गरिरहेको ४ नम्बर वडाले शिक्षामा यथेष्ट कदम चालिरहेकोले सर्वाधिक शिक्षित जनसंख्या रहेको वडाकारुपमा परिचित रहेको जानकारी दिए ।

साहित्य सिर्जना जोसुकैले गर्न नसक्ने र सिर्जना गर्नेहरुलाई हौसला दिनुपर्ने भन्दै यस्ता काममा अन्य वडालाई समेत हातेमालो गर्न आह्वान गरे । यसअघि राष्ट्रव्यापि कविता प्रतियोगिता, हास्यव्यंग्यात्मक गाईजात्रा, देउसीभैलो, कार्टुन प्रदर्शनी, हास्यव्यंग्यकार सम्मान तथा रचनावाचनलगायत विविध कार्यक्रम गर्दै आइरहेको यस संस्था सिस्नुपानी नेपालको पहिलो जिल्ला शाखा हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना